देश विकासमा मतभेद नराखौं :प्रधानमन्त्री ओली | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ •अंक ३२२ • २०८२ साल बैशाख ६ गते शनिबार (19 April, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–


## विशेषको फैसलाविरुद्ध अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन







**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई फरक भ्रष्टाचार मुद्दामा विशेष अदालतले दिएको सफाइको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

धनुषा जिल्ला प्रशासन कार्यालयमा कार्यरत तत्कालीन नायब सुब्बा गणपति झाविरुद्ध गैरकानुनी रूपमा २ करोड ४४ लाख ७१ हजार १०५ रुपैयाँ ५१ पैसा बराबरको सम्पत्ति आर्जन गरेको आरोपमा आयोगले भ्रष्टाचार निवारण ऐनअनुसार मुद्दा दायर गरेको थियो । तर विशेष अदालतले २०७८ साल वैशाख १९ गते झालाई सफाइ दिएको थियो ।

यस्तै, नेपाल विद्युत प्राधिकरणका इन्जिनियर कृष्ण प्रसाद यादवविरुद्ध पनि आयोगले १ करोड ४२ लाख ५२ हजार ५५० रुपैयाँ ४१ पैसा बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा मुद्दा दायर गरेको थियो ।

विशेष अदालतले उनलाई पनि २०७८ साल जेठ २२ गते सफाइ दिएको थियो । दुवै मुद्दामा अख्तियारले बिगो रकम जफत गरी कैद सजाय र जरिवाना माग गर्दै मुद्दा दायर गरेको थियो । दुवै मुद्दामा आयोगले बिगो रकम जफत गरी कैद र जरिवाना माग गर्दै मुद्दा दायर गरेको थियो।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार, विशेष अदालतको फैसलाबाट आयोग सन्तुष्ट नभएको र त्यसविरुद्ध कानुनी उपचारस्वरूप सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको बताए ।

### शिक्षकपछि निजामती कर्मचारी पनि आन्दोलनमा,ऐन जारीको माग

## प्रशासनिक संकट उत्पन्न हुन सक्ने सम्भावना

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय निजामती ऐन तुरुन्तै जारी गर्नुपर्ने मागसहित निजामती कर्मचारीहरू आन्दोलनको तयारीमा उत्रिएका छन् । संघीय निजामती ऐनबारे लामो समयदेखि छलफल हुँदै आएको भए पनि कानुनी प्रक्रिया अघि नबढेको भन्दै कर्मचारी संगठनहरूले शुक्रबार एकैसाथ आन्दोलनको चेतावनी दिएका छन् ।

संयुक्त ट्रेड युनियन सञ्जालको नेतृत्वमा भएको उक्त अभियानअन्तर्गत संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, कानुन मन्त्री अजयकुमार चौरसिया लगायतलाई ज्ञापनपत्र बुझाइएको छ ।

समितिको शुक्रबार बस्ने बैठकअघि ज्ञापनपत्र बुझाउँदै कर्मचारी प्रतिनिधिहरूले ऐनको तत्काल जारीका लागि दबाब दिएका छन् । मुख्यसचिव एकनारायण अर्यालसमेत समितिको बैठकमा सहभागी हुन जाँदै गर्दा बाटैमा कर्मचारी नेताहरूले उनलाई पनि ज्ञापनपत्र बुझाएका थिए ।

नेपाल निजामती कर्मचारी संगठनकी अध्यक्ष भवानी न्यौपाने दाहालले चार बुँदे ज्ञापनपत्रमार्फत तत्काल ऐन जारी गर्नुपर्ने, सेवासुविधा सुनिश्चितता गर्नुपर्ने, संघीय ढाँचामा निजामती संरचना स्पष्ट हुनुपर्ने र कर्मचारी सरुवामा पारदर्शिता कायम हुनुपर्ने जस्ता मागहरू अघि सारिएको जानकारी दिइन् । ज्ञापनपत्र बुझाइसकेपछि कर्मचारी नेताहरू सिंहदरबारस्थित राज्य व्यवस्था समितिको कार्यकक्षबाहिर धर्ना बसेका थिए ।



सभापति खतिवडाले ज्ञापनपत्र ग्रहण गर्दै जतिसक्दो छिटो संघीय निजामती ऐन पारित गरिने प्रतिबद्धता जनाए । उनले कर्मचारीहरूका माग जायज रहेको र कानुनी प्रक्रियालाई तीव्रता दिने आश्वासन समेत दिए ।

यसैबीच, शिक्षक आन्दोलनले पनि देशभरि तरंग ल्याइरहेको बेला निजामती कर्मचारी आन्दोलनको तयारीले सरकारलाई थप दबाबमा पारेको छ । काठमाडौंमा शिक्षकहरू आन्दोलनरत छन् । उनीहरूले समेत आफ्ना माग पूरा नभएसम्म आन्दोलन नरोकिने बताउँदै आएका छन् ।

शिक्षक र कर्मचारी आन्दोलनका सन्दर्भमा सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले तीव्र असन्तुष्टि जनाएका छन् । उनले भने, "हुँदाहुँदा शिक्षकको आन्दोलन देखेर निजामतीले पनि आन्दोलन गर्छौं भनिरहेका छन् । निजामती नै आन्दोलनमा गए शासन व्यवस्था के हुन्छ ? सरकारका सेनामेना सबै आन्दोलनमा जाने ? हामीले (आन्दोलनरत पक्ष) राजतन्त्र ल्याउन खोजेको हो त, सरकारलाई अप्ठेरो पारेर?"

उनको यस्तो अभिव्यक्तिपछि निजामती कर्मचारीहरूको तर्फबाट आन्दोलनको औपचारिक चेतावनी आउनुले राज्यको प्रशासनिक संयन्त्रमा असन्तोष झनै गहिरिएको देखिन्छ । सरकार, संसद् र कर्मचारी संगठनबीचको समन्वय अभावले अब आन्दोलन अझ चर्किने अनुमान गरिएको छ ।

संघीय निजामती ऐनको अभावमा संघ, प्रदेश, र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा समस्या भइरहेको, सरुवामा राजनीतिक प्रभाव देखिएको, र सेवा सुरक्षा कमजोर भएको गुनासो कर्मचारीहरूबीच लामो समयदेखि सुनिँदै आएको थियो। अहिले यो गुनासो आन्दोलनमा परिणत हुँदैछ ।

अब संघीय ऐनबारे समितिमा छलफल शुरू भइसकेको छ भने आन्दोलनको दबाबबीच संसद् र सरकार कसरी जिम्मेवार बन्नेछ भन्ने प्रश्न सबैको चासोको विषय बनेको छ । यदि आन्दोलन चर्कियो भने सरकारी सेवा प्रवाहमै असर पर्ने सम्भावना बढेको छ ।

सरकारले शिक्षक र कर्मचारी दुवैका मागप्रति गम्भीर ध्यान नदिए, आन्दोलनको लहर अझ तीव्र हुँदै देशभरि प्रशासनिक संकट उत्पन्न हुन सक्ने सम्भावना देखिन थालेको छ ।







# संविधानविरोधी गतिविधि स्वीकार्य छैनः गृहमन्त्री लेखक




गण्डकी । गृहमन्त्री रमेश लेखकलेसंविधानविरोधीगतिविधि स्वीकार्य नभएको बताउनुभएको छ ।

गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठीको शुक्रबार पोखरामा उद्घाटन गर्दै उहाँले पूर्वराजावादी या अरु कुनै पनि नाममा हुने संविधानविरोधी गतिविधि तथा अस्थिरता निम्त्याउने काम कुनै पनि हालतमा क्षम्य नहुने बताउनुभयो ।

मन्त्री लेखकले बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त वर्तमान संविधानको रक्षाका लागि सबै तयार हुनुपर्ने बताउनुभयो । नेपालमा सात दशकको अन्तरालमा सात वटा संविधान बनेको उल्लेख गर्दै उहाँले वर्तमान संविधान संसारकै उन्नत लोकतान्त्रिक संविधान भएकाले यसैमार्फत हरेक समस्याको समाधान सम्भव भएको धारणा राख्नुभयो ।

"संविधानभित्र रही आलोचना, समालोचना तथा विभिन्न गतिविधि गर्न पाइन्छ।संविधानविरोधीगतिविधिका माध्यमबाट हत्याहिंसालाई प्रश्रय दिने, संविधान फाल्छु भन्नेजस्ता अराजक गतिविधि गर्न पाइँदैन । गरिएमा कानुनअनुसार कारबाही हुन्छ", मन्त्री लेखकको भनाइ थियो,"संविधानको रक्षा आजको आवश्यकता हो । वर्तमान संविधान निर्माणको १० वर्षे हुँदैछ । यस अवधिको आवश्यक समीक्षासहित सम्बद्ध सबैसँग सहमति कायम गरेर आवश्यकताका आधारमा संशोधन गर्दै थप सुधारको प्रयास गरिने छ ।"

पछिल्ला वर्षमा लागुऔषधको बढ्दो प्रयोग, आत्महत्या, सवारी दुर्घटना, साइबर अपराध, प्राकृतिक विपद् आदि चुनौतीका रूपमा देखापरेकाले यी सबै चुनौतीको समाधान गर्नेतर्फ सरकार निरन्तर क्रियाशील उहाँले बताउनुभयो । साथै, सेवा प्रवाहलाई प्रभावकारी बनाउनु अपरिहार्य भएको उल्लेख गर्दै मन्त्री लेखकले जनतालाई सेवा दिने कुरामा कुनै कसर बाँकी नराख्न आग्रह गर्नुभयो ।

उहाँले जिल्लामा प्रमुख जिल्ला अधिकारीलगायतको रूपमा सङ्घी सरकारका प्रतिनिधि रहेकाले यस कार्यालयले सङ्घ, प्रदेश र स्थानीय तहबीच आपसी समन्वय गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउन क्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । सेवालाई नागरिकमैत्री तथा प्रविधिमैत्री बनाउँदै लैजानुपर्ने पनि उहाँको भनाइ थियो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश प्राकृतिक विपत्तिका दृष्टिबाट पनि जोखिमपूर्ण रहेका भन्दै जोखिमलाई समाधान गर्नेतर्फ सरकार निरन्तर लागिपरेको बताउनुभयो । बाढी, पहिरा, भूकम्पलगायत विपद् प्रतिकार्यमा सरकार निरन्तर लागिपरेको उहाँले बताउनुभयो । मुख्यमन्त्रीपाण्डेलेप्रदेशमासम्भाव्य प्राकृतिक विपत्तिलाई लक्षित गरी रु १० करोडमा नघट्ने गरी कोषसमेत विनियोजन गर्दै प्रतिकार्यका लागि आवश्यक उपकरणलगायतमा सहयोग गरिँदै आएको बताउनुभयो । गत वर्ष कोरला नाका सञ्चालनसमेत गरिएको बताउँदै उहाँले त्यसलाई थप व्यवस्थित गर्दै अघि लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सुरक्षा गोष्ठीमा प्रदेशअन्तर्गत सबै जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरूको उपस्थिति छ । मन्त्री लेखकले शुक्रबार सङ्घ मातहत रहेको आपतकालीन गोदामघर गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुभएको थियो । एक समारोहका बीच मन्त्री लेखकले प्रदेशका मुख्यमन्त्री पाण्डेलाई आपत्कालीन गोदामघर हस्तान्तरण गर्नुभएको हो ।

गण्डकी प्रदेशमा आपत्कालीन बन्दोबस्ती क्षमता अभिवृद्धि गर्न निर्माण गरिएको आपत्कालीन गोदामघरले सङ्कटका समयमा तत्काल प्रभावकारी बन्दोबस्ती सहायता सुनिश्चित गर्ने गृहमन्त्री लेखकले बताउनुभयो । गण्डकी प्रदेश प्राकृतिक जोखिमका दृष्टिबाट समेत जोखिमपूर्ण रहेको बताउँदै उहाँले गोदामघरले यहाँ हुने विभिन्न प्राकृतिक विपत्तिमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीचको सहकार्य आवश्यक भएको उहाँले बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले गोदामघर हस्तान्तरणसँगै विपद् उद्धार कार्यलाई एकद्वार प्रणालीमार्फत गर्न सहयोग पुग्ने बताउनुभयो । गृहसचिव गोकर्णमणि दुवाडीले आपत्कालीन अवस्थामा खोज तथा उद्धारका लागि गोदामघर सहयोगी बन्ने बताउँदै सबै स्थानीय पालिकामा गोदामघर हुनु आवश्यक भएको धारणा राख्नु गर्नुभयो ।रासस

# विश्व सम्पदा दिवसः नासिए मौलिक सम्पदा



ढोरपाटन । यहाँका मौलिक सम्पदासँग जोडिएका पहिचान नासिन थालेपछि स्थानीय ज्येष्ठ नागरिक चिन्तित बनेका छन् । विकासका नाममा जथाभाबी सडक सञ्जाल विस्तार गरिँदा मौलिक सम्पदा नासिन थालेपछि ज्येष्ठ नागरिक चिन्तित बनेका हुन् ।

"हाम्रो गाउँमा पाँच-सात ठाउँमा वरपिपलका रुख थिए, मान्छेले बिहान-बिहान आएर पूज्थे, गर्मीमा शीतल लिन यसको फेँदमा बस्थे, बटुवाहरू हिँड्दा थकाइ मार्न एकछिन यसैको छहारीमा विश्रम लिन्थे, अहिले ती वरपिपल सबै बाटोले खायो, बटुवा पनि हिँड्न छोडे", बागलुङको निसीखोला गाउँपालिका-४ का ८३ वर्षीय धनबहादुर मगरले मौलिक सम्पदा मासिँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । धार्मिक महत्त्वसँग जोडिएको वरपिपल मोटरबाटोले पुरिएपछि अहिले गाउँ उजाड जस्तै बनेको उहाँले बताउनुभयो ।

बुढापाकाले रुखबिरुवा नभएको ठाउँमा वरपिपल रोपेर धर्मकर्म गरे पनि अहिलेको पुस्तामा त्यो खालको सोच नभएको मगरको भनाइ छ । पछिल्लो समय गाउँका विकासका नाममा मौलिक सम्पदा मास्ने काम भएको भन्दै उहाँले गुनासो पोख्नुभयो ।

जथाभाबी रूपमा सडक निर्माण गर्दा बस्ती जोखिममा पर्नुका साथै धार्मिक आस्थासँग जोडिएका सम्पदा भत्काउने काम भइरहेको मगरले बताउनुभयो । अव्यवस्थित सडक निर्माणले गाउँको स्वरुप नै कुरुप बनाएको भन्दै यसलाई राज्यले व्यवस्थित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

आधुनिक प्रविधिको विकासले सञ्चालनमा रहेका सम्पदासमेत प्रयोगविहीन हुँदै गएका ढोरपाटन नगरपालिका-९ का कुलबहादुर पुनले बताउनुभयो । उहाँले डोजरेविकासलेगाउँ,बस्तीरपर्यावरणमा असर पुऱ्याएको सुनाउनुभयो । सडक निर्माण गर्दा धेरै ठाउँमा पानीको मुहान सुक्ने समस्या भएको उहाँको भनाइ छ ।

ढोरपाटन जाने बाटैमा रहेको रुद्रतालमा पनि डोजर चलाउँदा अहिले सुक्दै गएको पुनले जानकारी दिनुभयो । रुद्रतालमा पूजा गरी स्नान गर्दा मनोकाङ्क्षा पूरा हुने र छालासम्बन्धी रोग नलाग्ने जनविश्वास रहिआएको जनाउँदै उहाँले अहिले उक्त क्षेत्र संरक्षण हुन नसकेको गुनासो गर्नुभयो ।

पुनले भन्नुभयो, "रुद्रतालमा देवता छन् भन्थे, यहाँ कसैले पनि फोहर गर्दैनथ्ये, एक दशक अगाडिसम्म यहाँ ठूला ताल थियो, पानी पनि भरी हुन्थ्यो । अहिले डोजर लगाएपछि पानी सुकेको छ, पहिलेपहिले देशभरका भक्तजन यहाँ आएर पूजा गर्न, ध्वजा बाँध्ने र वर माग्ने गर्थे, यहाँ पूजा गर्दा दुःख, कष्ट र समस्या आइपर्दैन भन्ने विश्वास थियो, अहिले तालनै मासिने स्थितिमा पुग्यो ।" पछिल्लो केही वर्षयता भरिया र स्थानीयले थकाइ मेटाउने चौतारा, बटुवाले बास बस्ने पाटीपौवा र धर्मशालाको अस्तित्व समाप्त भएको स्थानीय प्रेमबहादुर बुढा मगरले बताउनुभयो । "सडकले हप्ता दिन लगाएर पुग्ने गन्तव्य छोटो बनाए पनि मौलिक सम्पदाको पहिचान भने मेटाइदियो", उहाँले भन्नुभयो ।

बागलुङको पश्चिम क्षेत्रबाट जिल्ला सदरमुकाम आउँदा बाटोका दर्जनौँ स्थानमा वरपिपलका चौतारा, ढुङ्गेधारा र धर्मशाला भेटिने गरेको स्मरण गर्दै अहिले ती सम्पदा मासिएका बुढा मगरले उल्लेख गर्नुभयो । "सडकले सुविधा त दियो तर हाम्रो मौलिक संस्कृति र पहिचान भने मेटाउँदै गयो, पहिले हामी दुई साता लगाएर बटौली पुगेर नुन, तेल र चामल बोकेर आउँथ्यौँ, बाटोमा अहिलेको जस्तो होटल हुँदैनथे, धर्मशाला हुन्थे, त्यही धर्मशालामा रात कटाउँथ्यौ, अचेल पाँच-सात घण्टामा पुगिन्छ", उहाँले भन्नुभयो, "हाम्रो कुरा सुन्दा नयाँ पुस्ता छक्क पर्छन्, पाटीपौवा, धर्मशाला र चौतारा भन्ने बुझ्दैनन् ।" रासस

# विश्वसम्पदा सूचीकृत क्षेत्रमा पदयात्रा

काठमाण्डु । विश्वसम्पदा दिवसका अवसरमा शुक्रबार स्वयम्भूदेखि वसन्तपुरसम्म पदयात्रा गरिएको छ । पूरातत्व विभाग, स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति, विभिन्न सांस्कृतिक सङ्घसंस्थालगायतको सहभागितामा स्थानीय भुइँखेलबाट सुरु भएको स्वयम्भूनाथ क्षेत्र र समापन गरिएको हनुमानढोका दरबार क्षेत्रको दूरी करिब तीन किलोमिटर छ । यस दूरीभित्र पूराना मन्दिर, पोखरी, कुवालगायत सांस्कृतिकस्थल तथा सम्पदा छन् । यात्राका क्रममा सहभागीले सम्पदा संरक्षणसम्बन्धी सन्देश



फैलाइएको थियो ।

स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले पनि विश्वसम्पदा दिवसका सन्दर्भमा स्वयम्भूनाथ चैत्य तथा त्यस आसपास क्षेत्रमा सरसफाइ गरेको छ ।

महासमितिका सचिव चन्द्ररत्न बुद्धाचार्यले स्वयम्भूको संरक्षण तथा स्थानीय जात्रा पर्व, संस्कृतिको जगेर्नामा महासमितिले सहयोग गर्दै आएको जानकारी दिनुभयो ।रासस

यात्रा विभिन्न सम्पदा मार्ग हुँदै वसन्तपुरमा पुगेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले उक्त पदयात्राको शुभारम्भ गर्नुभयो । उहाँले प्राचीन सम्पदा तथा पूरातात्विक महत्वका वस्तुले देशको ऐतिहासिकता, सभ्यताको अवस्थालाई अध्ययन र अनुसन्धानमा सहयोग गर्ने बताउँदै तीनको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने बताउनुभयो ।

पदयात्रा सुरु भएको

# कानुन समितिको वार्षिक प्रतिवेदन पारित, आगामी संसद् बैठकमा पेस हुने



काठमाण्डु । प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन संशोधनसहित पारित गरेको छ । समितिको शुक्रबार बसेको बैठकले सो प्रतिवेदन पारित गर्दै सङ्घीय संसद्को आगामी बैठकमा पेस गर्ने निर्णयसमेत गरेको छ ।

प्रतिवेदनमा एक वर्षको अवधिमा समितिले सम्पादन गरेका कार्य, विधेयकमाथिको छलफल, संशोधन र पारित, विभिन्न स्थलगत अनुगमनलगायतका विवरण समेटिएका सभापति विमला सुवेदीले जानकारी दिनुभयो । यसवर्ष समितिले सङ्घीय संसद्बाट जारी भएका कानुन कार्यान्वयनको अवस्थासम्बन्धी छलफल तथा हिरासतमा थुनुवाको मौलिक हकको सुनिश्चितता र कैदीबन्दी तथा बालसुधार गृहमा मानवअधिकारकोअवस्थासम्बन्धी स्थगलत अनुगमन गरेको थियो ।

आगामी दिनमा देशका विभिन्न भागमा रहेका मध्यवर्ती क्षेत्रका जनताको मानवअधिकारसम्बन्धी विषयमा स्थलगत अनुगमन गर्ने तयारी गरिएको सभापति सुवेदीले जानकारी दिनुभयो ।बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संसदीय समितिले दिएका सुझावका आधारमा मन्त्रालयले कानुन संशोधनको तयारी गरिरहेको जानकारी दिनुभयो ।

उहाँले केही कानुन संशोधनका लागि अन्तिम तयारी भइरहेको बताउनुभयो ।रासस

# न्युयोर्कमा मिथिला 'हेरिटेज कार्यशाला'

न्युयोर्क । न्युयोर्क सिटी मेयरद्वारा घोषणा गरिएको मिथिला संस्कृति तथा फेस्टिभल दिवसका अवसरमा यहाँ 'आर्ट फर एसडिजिजः मिथिला हेरिटेज कार्यशाला, प्रदर्शनी र पुरस्कार २०२५' कार्यक्रम आयोजना गरेको छ ।

मिथिला सेन्टर युएसएले अपन फाउन्डेसनको सहकार्यमा न्युयोर्क तिब्बती सेवा केन्द्रमा कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभिन्न समुदायका ४० भन्दाबढी बालबालिकाको सहभागिता थियो । बालबालिकाले संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य १५ मा आधारित रहेर 'जीवन र प्रकृति' विषयमा आयोजित सिर्जनात्मक कला कार्यशालामा उत्साहपूर्वक भाग लिएका थिए । प्रसिद्ध मिथिला कलाकार एससी सुमनले बालबालिकालाई कलामार्फत वातावरणीय सन्देशहरू व्यक्त गर्न सहजीकरण गर्नुभएको थियो ।



कार्यक्रममा सहभागी सबै बालबालिकालाई न्युयोर्क राज्यसभा सदस्य स्टीवन रागाकोतर्फबाट प्रमाणपत्रसमेत प्रदान गरिएको आयोजकले जनाएको छ । यस्तै, लोककलामार्फत मिथिला सम्पदाको प्रवर्द्धन गरेको भन्दै कलाकार सुमनलाई र मिथिला सम्पदाको सौन्दर्यलाई जीवन्त तस्बिरमा उतार्ने फोटोग्राफर राज काफ्लेलाई पनि विशेष सम्मान गरिएको थियो ।

सहभागी बालबालिकाले कोरेका तीन कलाकृतिका लागि रश्मी गिरी, तेञ्जिन ल्हाजे किङ्गा र अष्टिन शाहलाई उत्कृष्ट छनोट गरिएको थियो । तीनै जनालाई ट्रफी, प्रमाणपत्र र उपहार प्रदान गरिएको मिथिला सेन्टर युएसएका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक अमितप्रताप शाहले जानकारी दिनुभयो । उहाँले यस्तो कार्यक्रमले मिथिला सांस्कृतिक सम्पदाको संरक्षणका साथै नयाँ पुस्तालाई विश्वव्यापी विकास लक्ष्यहरूमा संलग्न गराई महत्वपूर्ण सन्देश प्रवाह भएको बताउनुभयो ।

कार्यक्रममा न्युयोर्क सिटी मेयर कार्यालयका दक्षिण एशियाली समुदाय समन्वयकर्ता सुकरानी धनपुतले मेयरद्वारा जारी गरिएको मिथिला संस्कृति दिवसको आधिकारिक घोषणापत्र प्रस्तुत गर्दै आयोजक टोलीको कामको उच्च प्रशंसा गर्नुभयो । त्यस्तै, न्युयोर्क राज्यसभा सदस्य स्टीवन रागाको कार्यालयका समुदाय निर्देशक दोल्मा लामाले कार्यक्रमप्रति समर्थन जनाउँदै सम्मानपत्र प्रदान गर्नुभयो ।

न्युयोर्क तिब्बती सेवा केन्द्रका कार्यक्रम निर्देशक तेञ्जिङ छिरिङले यस्तो अन्तरसंस्कृति कार्यक्रम आफ्नै केन्द्रमा आयोजना हुन पाउँदा गौरव महसुस भएको बताउनुभयो ।

कार्यक्रममा प्रमुख कलाकार सुमनले प्रवासी बालबालिकासँग आफ्नो ज्ञान बाँड्न र संस्कृतिप्रति जागरुक गराउन महत्वपूर्ण अवसर प्रदान गरिएको भन्दै आयोजकलाई धन्यवाद दिनुभयो । कार्यक्रम संयाजक प्रज्ञा पन्थीले बालबालिकाले कार्यशालाबाट कला र दिगो विकास लक्ष्यको ज्ञान प्राप्त गरेको बताउनुभयो ।

कार्यक्रममा कलाकारहरू एससी सुमन, प्रतीक रायमाझी, शिवाङ्गी सिंह, सुभाद्री सुभा र राखी कर्णका जैविक विविधता, प्रकृति र वातावरणीय चेतनाबारेका मिथिला चित्रकलाको प्रदर्शनीसमेत गरिएको थियो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



| | |
|---|---|
| मेष : | विशेषव्यक्तिसंगकोसहकार्यतपाईलाई नयाँ अवसरहरु दिलाउनेछ । |
| वृष : | आय सीमित भए पनि ठूला समस्याबाट बच्न सकिनेछ । |
| मिथुन : | नयाँ व्यवसाय सुरु गर्ने राम्रो अवसर छ । |
| कर्कट : | कडा मेहनत गरेमा भाग्यले साथ दिनेछ । |
| सिंह : | रमाइलो यात्राको सम्भावना देखिन्छ । प्रिय साथी भेटिन सक्ने र प्रेमसम्बन्ध प्रगाढ बन्ने संकेत छ । |
| कन्या : | सुरुमा खर्च बढे पनि सोचेको योजना सफल हुनेछ । |
| तुला : | तपाईको कामको प्रशंसा बढ्नेछ र मान सम्मान प्राप्त हुने समय छ । |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभाव जमाउने अनुकूल समय छ । |
| धनुः | अघिल्ला कमजोरी सुधार्ने अवसर मिल्नेछ । |
| मकर : | काममा सुधार आउनेछ र पहिले असफल भएको काम सफल हुँदा मन प्रशन्न हुनेछ । |
| कुम्भः | सामान्य कामबाट समेत राम्रो लाभ प्राप्त हुनेछ । |
| मीन : | पढाइमा प्रगति हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जिल्ला प्रशासन कार्यालय पर्साले आज शुक्रबार बिहानदेखि वीरगञ्ज महानगर क्षेत्रमा लगाएको निषेधाज्ञा हटाएपछि वीरगञ्जको घण्टाघर क्षेत्रमा देखिएको सर्वसाधारणको चहलपहल। गत शनिबार दिउँसो हनुमान जन्मोत्सवमा निकालिएको शोभायात्राका क्रममा दुई समुदायका बिच झडप भएपछि वीरगञ्जमा निषेधाज्ञा लगाइएको थियो। *तस्बिरः रासस*

# लेखा समितिमा पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको अध्ययन प्रतिवेदन पेस

काठमाण्डु । संसद्को सार्वजनिक लेखा समितिमा पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माणको सम्बन्धमा उपसमितिले तयार पारेको अध्ययन प्रतिवेदन पेस भएको छ।

समितिले राजेन्द्रप्रसाद लिङ्देनको संयोजकत्वमा उपसमिति गठन गरेर सो विमानस्थल निर्माणका सम्बन्धमा भएको समग्र पक्षको अध्ययन गरेको थियो। उपसमितिमा सांसद अर्जुननरसिंह केसी, अमनलाल मोदी, गोकुलप्रसाद बाँस्कोटा, जनार्दन शर्मा, तारा लामा तामाङ, दीपक गिरी, देवप्रसाद तिमिल्सिना, प्रेमबहादुर आले र रामकृष्ण यादव सदस्य हुनुहुन्थ्यो। उपसमितिको प्रतिवेदन समितिमा पेस हुने र आवश्यक छलफलपछि निर्णय हुने समितिले जनाएको छ।

विभिन्न क्षेत्र र निकायबाट प्रश्न उठेपछि संसदीय समितिको २०८१ जेठ २७ को निर्णयबमोजिम अध्ययन तथा अनुगमन गरेको थियो। विसं २०८१ असार २३ देखि २५ गतेसम्म लिङ्देन संयोजकत्वको उपसमितिले स्थलगत अध्ययन गरेको थियो।

उपसमितिले विमानस्थल निर्माणमा संलग्न सरोकारवाला निकाय, स्थानीय बासिन्दा तथा विज्ञहरूसँग आवश्यक छलफल गरेको थियो । उपसमितिले तयार पारेको प्रतिवेदनमा समग्र पक्षका बारेमा उल्लेख गरिएको छ । विमानस्थलको भौतिक संरचना, उपकरण, धावनमार्ग तथा विमानस्थल वरिपरिको स्थल, कटान गरिएको छिनेडाँडाको पनि स्थलगत अनुमगन गरेको थियो।

चीनको एक्जिम बैंकको ऋण सहयोगमा करिब रु २२ अर्ब लागतमा सो विमानस्थल निर्माण भएको हो। सो विमानस्थल २ ९ डिसेम्बर, २०२२ मा निर्माण सम्पन्न भई १ जनवरी २०२३ (२०७९ पुस १७ गते)देखि सञ्चालनमा आएको हो।

सो विमानस्थलमा केही अन्तरराष्ट्रिय चार्टर उडानबाहेक अन्य अन्तरराष्ट्रिय उडान हुनसकेको छैन । हाल सो विमानस्थलबाट नियमित रूपमा आन्तरिक उडान मात्र भइरहेको छ। उपसमितिले तयार पारेको प्रतिवेदनको आवश्यक अध्ययनपछि उपयुक्त निर्णयमा पुगिने समितिले जनाएको छ।रासस

# सागरमाथामा नयाँ कीर्तिमान बनाउने प्रतिस्पर्धा

काठमाण्डु। विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको ७२ वर्षे दौरानमा प्रतिस्पर्धा, होडबाजी र कीर्तिमानका चाङ लागिरहेका छन् । सगरमाथा आरोहण आफैँमा जोखिम र संवेदनशील यात्रा हो। आरोहणका क्रममा कतिपय आरोहीले ज्यान नै दाउ लाउनुपर्छ। जोखिमपूर्ण यात्रा भए पनि सगरमाथामा नयाँनयाँ कीर्तिमान बनाउने बढिरहेका छन्।



तीसपटक सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाउने कामीरिता शेर्पादेखि एकै सिजनमा तीनपटक सगरमाथा चढेर कीर्तिमान कायम गर्ने फोटो पत्रकार पूर्णिमा श्रेष्ठ, दुवै खुट्टा गुमाएका हरिबहादुर बुढासहित विभिन्न कीर्तिमान बनाउनेको संख्या लामै छ । हिउँचितुवाको उपनामले चर्चित स्वर्गीय आङ्रिता शेर्पाले बिनाअक्सिजन १० पटक सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभएको थियो । केही आरोहीले सबैभन्दा छोटो समयमा, सानो उमेरमा सगरमाथा चढेर नयाँ 'रेकर्ड' बनाएका छन् भने बिनाअक्सिजन आरोहण गरेर पनि विभिन्न कीर्तिमान कायम गरेका छन्।

यसै सन्दर्भमा सगरमाथा आरोही टासी ग्याल्जेन शेर्पा २० दिनमा चारपटक सगरमाथा चढेर नयाँ कीर्तिमान बनाउने उद्देश्यले आरोहणमा निस्कनुभएको छ । "बीस दिनभित्र चारपटक सगरमाथा चढेर विश्व कीर्तिमान बनाउने मेरो उद्देश्य छ", उहाँले भन्नुभयो । सन् २०१७ देखि आरोहणमा लाग्नुभएका शेर्पाले सगरमाथा चारपटक आरोहण गरिसक्नुभएको छ। आमादब्लम, चोयु, मकालु तथा चीनको सिसापाङ्मा हिमाल पनि चढ्नुभएको छ।

सोलुखुम्बु खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ का २८ वर्षीय टासीले सुरुमा सगरमाथा आरोहण, दोस्रोपटक आमादब्लम आरोहण गर्नुभयो। उहाँका बुबाले सगरमाथा आरोहण गर्नुभएको थियो। बुबाकै प्रेरणाले आरोहणमा नयाँ रेकर्ड बनाउन लागेको उहाँले बताउनुभयो । दावाफुञ्जु शेर्पाले आठ दिनमा तीनपटक सगरमाथामा चढेर कीर्तिमान बनाउनुभएको थियो।

एटके एक्सपीडिसन कम्पनीमार्फत सगरमाथा आरोहणको नयाँ कीर्तिमान बनाउन त्यसतर्फ लागेको उहाँले बताउनुभयो । टासीले सेभेनसमिट ट्रेक्स र फर्टिन पिक कम्पनीमा व्यावसायिक गाइडका रूपमा काम गर्नुभएको छ। परिवारमा बुबा, श्रीमती एक छोरा एक छोरी हुनुहुन्छ। टासीले सगरमाथाको चारपटक सफल आरोहण गरिसक्नुभएको छ।

सिनियर आरोहीले सगरमाथामा राखेको रेकर्ड तोडेर नयाँ रेकर्ड कायम गर्नेगरी आरोहण यात्रामा लागेको उहाँले उल्लेख गर्नुभयो। नेपाललाई तेन्जिङ नोर्गे, आप्पा शेर्पा, बाबुछिरी, कामीरितालगायत कीर्तिमानी शेर्पाले विश्वभर परिचित गराउनुभएको छ। आफूमा पनि उहाँहरूले जस्तै सगरमाथामा रेकर्ड राख्ने उद्देश्य रहेको उहाँले बताउनुभयो।

टासीले सगरमाथाको रेकर्डपछि नेपालमा बढीभन्दा बढी विदेशी पर्यटक आकर्षण गर्ने अभियानमा केन्द्रित हुने विश्वास व्यक्त गर्नुभयो । आफ्नो सगरमाथा यात्राका क्रममा भारत, चीन, अमेरिकालगायत विभिन्न मुलुकका नागरिकलाई चुचुरोमा पुर्याएको अनुभव सुनाउने टासीले आगामी दिनमा सात महादेशका अग्ला हिमाल चढ्ने योजना बनाउनुभएको छ।रासस

# 'बजेट कार्यान्वयन कमजोर हुँदा अर्थतन्त्रमा गम्भीर असर'

काठमाण्डु। सरकारको वार्षिक बजेट कार्यान्वयन प्रक्रिया कमजोर हुँदा यसले निजी क्षेत्रको मनोबल घटाएको र समग्र राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको धारणा सरोकारवालाहरूले राखेका छन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को बौद्धिक साझेदारीमा नेपाल उद्योग परिसङ्घले शुक्रबार यहाँ आयोजना गरेको 'बजेट र औद्योगिक विकास' विषयक सार्वजनिक-निजी संवाद कार्यक्रमका वक्ताहरूले बजेटमा उल्लेख गरिएका महत्वाकाङ्क्षी योजना समयमै कार्यान्वयन हुन नसक्दा पुँजीगत खर्चमा कमी, औद्योगिक क्षेत्रको विस्तारमा बाधा र रोजगार सृजनामा अपेक्षित उपलब्धि हासिल हुन नसकेको धारणा राखेका हुन्।



कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठले बजेट कार्यान्वयन गर्ने संरचना र कर्मचारी प्रशासन निकै कमजोर रहेको बताउनुभयो। "हाम्रा संस्था साह्रै कमजोर रहेछन्। राष्ट्रिय योजना आयोगकै अवस्था हेर्ने हो भने पनि यसको कार्यक्षेत्र, भूमिका र संरचना घट्दै गएका छन्", उहाँले भन्नुभयो, "विकासका लागि संस्थागत क्षमता चाहिन्छ। त्यसमा हामी कमजोर छौँ।"

मानव संशाधनमा पनि समस्या रहेको उहाँले बताउनुभयो। चाँडोचाँडो सरुवा हुने प्रवृत्तिले कर्मचारीमा क्षमता विकास हुन नसक्ने र निर्णय गर्ने क्षमताम ह्रास आउने बताउनुभयो। कर्मचारीका लागि उत्प्रेरणा र दण्डको प्रावधान पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो। बजेट प्रभावकारी कार्यान्वयनका लागि प्रक्रियागत जटिलता कायम रहेको उहाँले स्वीकार्नुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले बजेटले महत्वाकाङ्क्षी लक्ष्य राख्ने गरे पनि कार्यान्वयन पक्ष कमजोर रहेको बताउनुभयो। "बजेटले महत्त्वपूर्ण लक्ष्य राख्ने तर कार्यान्वयन भने कमजोर रहने गरेको अनुभव सबैले महसुस गरेका छौँ", उहाँ भन्नुभयो, "बजेटको सफल कार्यान्वयनले नै पुँजीगत खर्च बढ्ने, नीतिगत सुधार हुने र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने भएकाले यसको प्रभावकारी कार्यान्वयन अतिआवश्यक छ।"

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले राजनीतिक परिवर्तनले बजेट कार्यान्वयनमा समस्या नल्याउने दाबी गर्नुभयो। त्यस्तै लगानी र व्यवसाय वातावरण बनाउनका लागि महत्त्वपूर्ण कानुनी र नीतिगत सुधार भएको उहाँको भनाइ छ। "औद्योगिक र वाणिज्य नीतिको निर्माण भइसकेको छ, विभिन्न कानुनी सुधार पनि भएका छन्", उहाँले भन्नुभयो, "बौद्धिक सम्पत्ति र खानी-खनिज क्षेत्रसँग सम्बन्धित कानुन संशोधनको तयारीमा छन्।" उहाँले प्रक्रियागत जटिलता घटाउन ऐन-कानुन निर्माण भइसकेको र कार्यान्वयन पनि सुरु भइसकेको उल्लेख गर्नुभयो। स्वदेशी उत्पादन प्रयोग प्रवर्द्धन गर्नुपर्ने र सार्वजनिक निकायमा अनिवार्य रूपमा स्वदेशी वस्तु प्रयोग गर्ने नीतीलाई प्रभावकारी बनाइनुपर्ने बताउनुभयो।

पूर्वसचिव कृष्ण ज्ञवालीले बजेट आफैँ राम्रो भए पनि कार्यान्वयनमा समस्या रहेको बताउनुभयो। "प्रभावकारी बजेट कार्यान्वयनमा अन्तर निकाय र तहबीच समन्वय कमजोर छ", उहाँले भन्नुभयो, "संस्थागत सुधार, जनशक्ति व्यवस्थापन र कर्मचारी संयन्त्रको क्षमता तथा विश्वसनीयतामा अझै प्रश्न उठ्ने गरेको छ, जसमा आत्मालोचना आवश्यक छ।"

नेपाल सिमेन्ट उत्पादक सङ्घका अध्यक्ष रघुनन्दन मारुले मुलुकभित्र राम्रो लगानीको वातावरण बन्न नसक्दा उद्योगी व्यवसायी निरास बनेको बताउनुभयो। "नेपालमा व्यवसाय गर्न अहिले पनि सहज वातावरण छैन। प्रशासनिक उल्झन, नीतिगत अस्पष्टता र कर्मचारी संयन्त्रको मनोबल खस्किँदा सेवाग्राहीले पनि समयमै सेवा पाउन सकेका छैनन्", उहाँले भन्नुभयो। उहाँले नेपालमा खानी तथा खनिज स्रोतको उपयोग गर्न नसकिएकोप्रति चिन्ता व्यक्त गर्नुभयो।

सेजन अध्यक्ष सुजन ओलीले चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्मको बजेट कार्यान्वयन स्थिति प्रस्तुत गर्नुभयो। "सत्ता परिवर्तनपछि बजेटमा पूर्ण स्वामित्वको अभाव हुँदा कार्यान्वयनमा असर परेको देखिन्छ", प्रगति समीक्षा प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुँदै उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म आर्थिक क्षेत्रसँग सम्बन्धित ६३ बुँदामध्ये १२ दशमलव सात प्रतिशत मात्र पूर्ण कार्यान्वयन भएको छभने २७ प्रतिशत बुँदा शून्य कार्यान्वयनमा छन्।"

पछिल्लो समय महत्त्वपूर्ण कानुनी सुधार भए पनि पुँजीगत खर्च, ठूला आयोजना र सङ्घ-प्रदेश समन्वयमा कमजोरी रहेको 'बजेट वाच' प्रतिवेदनको निष्कर्ष छ। त्यस्तै चालु आवको बजेटमा परेका गण्डकी आर्थिक त्रिभुजजस्ता परियोजना अलपत्र परेको, प्रक्रियागत जटिलता, समन्वय अभाव र पूर्वतयारीको कमी अर्थतन्त्रको मुख्य चुनौती भएको प्रतिवेदनमा जनाइएको छ।

चालु आव २०८१/८२ का लागि सरकारले उद्योग केन्द्र निर्माण, आर्थिक त्रिभुज विकासजस्ता महत्वाकाङ्क्षी योजना सार्वजनिक गरेको भए पनि दोस्रो त्रैमाससम्म प्रगति शून्य रहेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, बजेटमार्फत प्रदेशलाई विशिष्ट आर्थिक केन्द्र बनाउने योजना ल्याइएको थियो। कर्णालीलाई उद्योग, मधेसलाई कृषि, बागमतीलाई सूचना प्रविधि, गण्डकीलाई पर्यटन, लुम्बिनीलाई साना तथा मझौला उद्योग, कोशीलाई औद्योगिक जडान र सुदूरपश्चिमलाई धार्मिक पर्यटन हब बनाउने घोषणा गरिएकामा यसको कार्यान्वयन पनि शून्य देखिएको छ।रासस

# खेलकुदमा लगानी गर्न हिच्किचाउनुहुँदैन : सभामुख घिमिरे

कास्की । सभामुख देवराज घिमिरेले खेलकुद क्षेत्रमा लगानी वृद्धि गरेर सबैका लागि खेलकुद अवसर प्रदान गर्दै युवा प्रतिभा विकास गर्नुपर्ने बताउनुभएको छ।




मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा पोखरामा सञ्चालन भएको दोस्रो संस्करणको 'केपी ओली कप' राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको शुक्रबार समापन समारोहमा उहाँले खेलकुदमा लगानी गर्न पुरानो पुस्ता हिच्किचाउने गरेको उल्लेख गर्नुभयो।"खेलकुदका नयाँ पूर्वाधार विकास र अधुरा काम छिटो पूरा गर्न सबैको ध्यान जानुपर्दछ। अहिले स्थानीय युवाको सक्रियता र सरकारको ध्यान पुग्दा केही काम भएका छन्। सरकारले खेलकुदमा लगानी बढाउनुपर्ने आवश्यकता छ," सभामुख घिमिरेले भन्नुभयो।

खेलको माध्यमबाट सम्बन्ध विकास, युवाको सक्रियतालाई बढाउने, युवाको निराशा अन्त्य र प्रतिस्पर्धामा अगाडि बढ्दै अन्तरराष्ट्रिस्तरमा देशलाई चिनाउने काम गरेको उहाँको भनाइ छ।

"नेपालले छोटो समयमै खेलकुदमा अन्तरराष्ट्रिय क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । खेलको माध्यमबाट पर्यटन विकास र कूटनीतिक सम्बन्ध विकास भएको छ । युवालाई खेलकुदमा अघि बढाउँदै नेपाललाई विश्वव्यापी रुपमा खेलको आकर्षक देशमा चिनाउनुपर्दछ", सभामुख घिमिरेले भन्नुभयो। राज्यले प्रतिभालाई नयाँ मञ्च स्थापना गर्दै भौतिक पूर्वाधार विकास र रोजगारी सिर्जना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। एकेडेमीका अध्यक्ष धुव्र आचार्यले क्रिकेटको विकासका लागि आफ्नै टिम बनाउने बताउनुभयो। उहाँले यो प्रतियोगिताबाट छनोट भएका खेलाडीसहित अन्य खेलाडीको छनोट गरिने जानकारी दिनुभयो।

> "खेलकुदका नयाँ पूर्वाधार विकास र अधुरा काम छिटो पूरा गर्न सबैको ध्यान जानुपर्दछ । अहिले स्थानीय युवाको सक्रियता र सरकारको ध्यान पुग्दा केही काम भएका छन् । सरकारले खेलकुदमा लगानी बढाउनुपर्ने आवश्यकता छ,"

आचार्यले भन्नुभयो, "छनोट भएका खेलाडीलाई सम्पर्क गर्ने र नियमित प्रशिक्षणको व्यवस्था गर्नेछौँ । उचित सेवा सुविधा खेलाडीलाई प्रदान गर्नेछौँ।" प्रतियोगितामा कूल १६ टिमको सहभागिता रहेको थियो।रासस

# 'भूमिहीन नागरिकको समस्या भूमि समस्या समाधान आयोगबाट हुन्छ'

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले मुक्त कमैया, हलिया, हरवाचरवालगायत भूमिहीन नागरिकको समस्या भूमि समस्या समाधान आयोगको प्रक्रियाबाट गरिने बताउनुभएको छ।



राष्ट्रिय कृषि बँधुवा मजदुर सङ्घर्ष समितिको टोलीसँग शुक्रबार सिंहदरबारस्थित मन्त्रालयको सभाहलमा भएको छलफलमा उहाँले सरकारले विसं २०७६ मा मुक्त कमैया, हलिया, हरवाचरवालगायत भूमिहीन नागरिकका समस्या समाधान भइसकेको घोषणा गरेकाले अब अन्य उपायबाट बाँकी समस्या समाधान गर्दै जाने बताउँदै यो चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो।

मन्त्री अधिकारीले समस्या समाधानका लागि अन्य उपायबारे छलफल गर्न सकिए पनि तत्काललाई आयोगको विधि र प्रक्रियाअनुसार आउन सबैलाई आग्रह गर्नुभयो। "हालसम्म मुक्त घोषणा गरिएका जति पनि समुदाय छन् तिनका अधिकारका लागि सरकार संवेदनशील छ, तर विशेष व्यवस्थासहित समस्या समाधान गर्न सकिने अवस्था छैन। त्यसैले यहाँहरू सबैले आयोगको प्रक्रियाबाट आउनु आवश्यक छ, त्यसमा मन्त्रालयले आवश्यक सहजीकरण गर्छ", उहाँले भन्नुभयो, "त्यसबाहेक सरोकार भएका निकाय र समूहसँग छलफल गरी अन्य कुनै निष्कर्षमा पुग्नेबारे बहस गर्नेछौँ, त्यसका लागि पनि मन्त्रालय तयार छ।"

सङ्घर्ष समितिका प्रतिनिधिहरूले सरकारले तत्कालीन अवस्थामा आन्दोलनकारीसँग गरेका सहमतिअनुसार समस्या समाधान गरिनुपर्नेमा जोड दिनुभएको थियो। "विभिन्न समयमा भएका आन्दोलनपछि सरकारले मुक्तिको घोषणा गरेको थियो । सरकार आफैँले दुई प्रतिशत मुक्तकमैया र आठ प्रतिशत हलियाको समस्या समाधान हुन बाँकी छ भनेर स्वीकारेको छ। मुक्त हरवाचरवा पुनःस्थापनाको काम सुरु भएको छैन । मुक्त कम्लहरीको समस्या उस्तै छ। त्यसैले यी सबै समस्या नयाँ ढङ्गले समाधान गरिनुपर्छ", वक्ताहरूको भनाइ थियो।

सरकारले विसं २०५७ साउन २ गते कमैया, विसं २०६५ भदौ २१ गतेको हलिया, विसं २०७० साउन ३ गते कम्लरी र विसं २०७९ साउन २ गते हरवाचरवा मुक्तिको घोषणा गरेको थियो।रासस

# देश विकासमा मतभेद नराखौँ :प्रधानमन्त्री ओली



चितवन । प्रधानमन्त्री केपी शर्मा ओलीले देश विकासमा मतभेद नराख्न आग्रह गर्नुभएको छ ।

भरतपुर पुलचोक-गोन्द्राङ-६ लेन सडकको शुक्रबार उद्घाटन गर्दै उहाँले सबैलाई विकासमा केन्द्रित हुन आग्रह गर्नुभएको हो । प्रधानमन्त्री ओलीले भैरहवा, वीरगञ्ज, पोखरा र काठमाडौँको मध्यभागमा पर्ने यहाँको सडक एसियाली मापदण्डअनुसार नमुना बनाइएको र पूर्व-पश्चिम राजमार्गलाई थप फराकिलो बनाइने बताउनुभयो । सरकारको आफ्नै लगानीमा यो सडक बनाइएको उहाँले उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले विकासमा राजनीति गर्न नहुनेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “अहिले चुनाव लाग्या पनि छैन र अहिले चुनाव प्रचार गर्नु पऱ्या पनि छैन । त्यतापट्टी गइहाल्नुपर्ने आवश्यकता पनि छैन”, उहाँले थप्नुभयो, “म आग्रह गर्न चाहान्छु सबैलाई सधैँ राजनीति मात्रै, सधैँ चुनाव मात्रै होइन । विकासमा ध्यान दिउँ । हामीले एक भएर देश बनाउनुपर्नेछ । मतभेदमा होइन एकतामा जोड दिउँ ।”

विचारमा विविधता हुनसक्ने भन्दै प्रधानमन्त्री ओलीले देशको विकास गर्ने कुरामा मतभेद नराख्न आग्रह गर्नुभयो । “देशको विकास गर्नैपर्छ । हामी सबै मिलेर विकास गर्ने हो । कोही आएर हाम्रो देश बनाउँदैन । आफ्नो बलमा राष्ट्रिय एकताका साथ एकजुट भएर अघि बढेर विकास गर्नुपर्छ”, उहाँले भन्नुभयो, “डेमेक्रेसीलाई बलियो पार्ने, विकास गर्ने र सुशासनलाई बलियो बनाउने कुरामा एकजुट भएर अघि बढ्न फेरि पनि आग्रह गर्छु ।” देश विकासका लागि स्थिरता चाहिने भन्दै उहाँले दुई ठूला दल मिलेर सुशासन र विकासमा लागेको बताउनुभयो ।

देश अनेक उतारचढावबाट चल्दै आए पनि २०४७ सालपछि भौतिक पूर्वाधारका क्षेत्रमा फड्को मारेको बताउनुभयो । उहाँले भन्नुभयो, “विकासले गति लिएको छैन भन्ने कुरा होइन । विकासमा काफी प्रगति भएको छ, थप प्रगति गर्न आवश्यक छ ।” भौतिक निर्माणका क्रममा एकैपटक सबै काम गर्नुपर्नेमा जोड दिँदै उहाँले बनाउने र भत्काउने काम गर्न नहुने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले चितवन जिल्ला त्रेतायुगदेखि नै ऐतिहासिक महत्व बोकेको जिल्ला भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “राम जन्मेदेखिको लामो इतिहास छ । यो वास्तवमा एउटा सभ्यताको सुरुआत भएको भूभाग हो ।”

नारायणगढको पुलचोकदेखि भरतपुरको गोन्द्राङसम्मको यो सडक निर्माणका लागि २०७७ साल असोज २६ गते इण्डो सगुन जेभीसँग सम्झौता गरिएको थियो । सडकको सोही वर्ष माघ १७ गते तत्कालीन प्रधानमन्त्री ओलीले नै शिलान्यास गर्नुभएको थियो । सडक रु एक अर्ब १३ करोड ३५ लाख ३४ हजारमा निर्माण सम्पन्न भएको डिभिजन सडक कार्यालय चितवनका सूचना अधिकारी इ कृष्ण आचार्यले जानकारी दिनुभयो ।

छ दशमलव ०८ किलोमिटर सडक ५० मिटर चौडा रहेको छ भने सडक क्षेत्रमा फुटपाथ, ढल, सर्भिस लेन, स्मार्टलाइट जडान र बिजुली भूमिगत गरिएको छ । चौबिसकोठीदेखि भरतपुर ओरालोसम्मको सडकको पानी पुँगी खोलामा र चौबिसकोठीदेखि बसपार्कसम्मको पानी केरुङ्गा घोलमा जानेगरी ड्रेन तयार गरिएको आचार्यले जानकारी दिनुभयो ।र

**सरकार परिवर्तनको हल्ला असत्य हो, ढुक्कले काम गर्नुस**

प्रधानमन्त्री केपी शर्मा ओलीले ठूला दलको साझेदारीमा निर्मित वर्तमान सरकार परिवर्तनको हल्लामा कुनै सत्यता नभएकाले ढुक्कसाथ विकास निर्माणसहित सुशासनका काममा केन्द्रित हुन आग्रह गर्नुभएको छ ।

चितवनको इच्छाकामना गाउँपालिकाको प्रशासकीय भवनको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा स्थिरता, विकास र सुशासन दिनका लागि इतिहास बोकेका ठूला दलहरु एकसाथ मिलेर यो सरकार बनेकाले सरकार आफ्नो लक्ष्य र गन्तव्यमा सुस्पष्ट रहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, “देशलाई सुशासनयुक्त बनाउन, नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन हामी पूर्ण रुपमा लागेका छौँ । तपाईंहरु पनि ढुक्कका साथ यस अभियानमा लाग्नुस् । सबै मिलेर देश बनाऔँ ।” उहाँले नयाँ भवनबाट गाउँपालिकाको सुशासन र सेवा प्रवाहका काममा सहजता आउने विश्वास पनि व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटालगायत सहभागी हुनुहुन्थ्यो । रासस

# गुरुहरूको आन्दोलन, यात्रुलाई सास्ती...



काठमाण्डु । नेपाल सरकार र नेपाल शिक्षक महासङ्घबीच विगतमा भएका सम्झौता कार्यान्वयनको माग गर्दै नेपाल शिक्षक महासङ्घ राष्ट्रिय समितिले सुरू गरेको राजधानी केन्द्रित आन्दोलन शुक्रबार १७ दिन पूरा भएको छ ।

सधैँ व्यस्त रहने माइतीघर-बानेश्वर सडक क्षेत्रमा दिनदिनै हुने आन्दोलन र विरोध प्रदर्शनले राजधानीको सवारी व्यवस्थापनमा चुनौती भने खडा गरिरहेको छ । नियमित जस्तो हुने सडक जामले गन्तव्यमा निस्केका यात्रुले सास्ती खेप्न परिरहेको छभने सवारी व्यवस्थापनमा खटिएका ट्राफिक प्रहरीलाई कर्तव्य पूरा गर्न धौधौ परेको छ ।

मूल सडकबाट यात्रा गर्न नपाएपछि यात्रु वैकल्पिक रूपमा करिडोरका सडक प्रयोग गर्न बाध्य हुनुपरेको छ । समयमै गन्तव्यमा पुग्न नपाएर कतिपय यात्रु छट्पटिरहेको देखिन्थ्यो । सडक जामले यात्रुलाई थोरै दूरी पार गर्न पनि घण्टौँ समय लाग्ने गरेको गुनासो छ । व्यस्त सडकमा हुँदै आएको प्रदर्शनीले दिनभरजसो नै उपत्यकाभित्रका वैकल्पिक मार्ग र खोला करिडरमा सवारी चाप बाक्लो हुने गरेको छ ।

तथापि, शिक्षक आन्दोलनको हालसम्मको प्रदर्शनी र भएका क्रियाकलापले राजनीतिक दललगायत अरूलाई प्रेरणा दिने शालीन, शान्तिपूर्ण र सभ्य नै देखिन्छ । शान्तिपूर्ण भनिए पनि काठमाडौँको मूल सडकमै आन्दोलन गरिएकाले सुरक्षा व्यवस्थापनका लागि ठूलो सङ्ख्यामा प्रहरी खटाउनु परिरहेको छ ।

आन्दोलनका क्रममा शिक्षकहरूले हात हल्लाउने, मोबाइलको लाइट बाल्ने, सडकमा नै सुत्ने, सिठ्ठी बजाउने, नाचगान गर्ने, जादु देखाउने, चुड्किला भन्नेजस्ता गर्दै आएका छन् । आन्दोलनलाई थप ऊर्जा प्रदान गर्न शिक्षकहरू शिक्षण सिकाइमा प्रयोग गरिने उपकरण, माइक, खैजडी, मादलसहित आन्दोलनमा सहभागी भएका छन् ।

स्थानीय कला संस्कृति, वेशभूषाअनुसार सांस्कृतिक प्रस्तुतिमार्फत आफ्ना माग पूरा गर्न सरकारलाई खबरदारी गर्ने शैली पनि अपनाएका छन् । चर्को घामकाबीचमा पनि आन्दोलनकारी शिक्षक सडकमा छमछमी नाच्ने, एक्लै वा ग्रुपमा सेल्फी खिच्ने कार्यमा व्यस्त देखिन्छन् । आन्दोलनमा जिल्ला र पालिकास्तरबाट समेत शिक्षकको सहभागिता भएको देखिन्छ । महासङ्घले आन्दोलनलाई उचाइमा पुर्याउन साथ, सहयोग र समर्थनका लागि सबैसँग आह्वान गरिरहेको छ ।

पछिल्लो समय प्रत्येक दिन बिहान १२ः०० बजे माइतीघर-बबरमहल भेला भई ब्यानरसहित जुलुस प्रदर्शन गर्ने, सडकमै भाषण ठोक्ने र गीत सङ्गीतसहित नाचगान गर्नु आन्दोलनरत शिक्षकको दैनिकी नै बनेको छ । आन्दोलनलाई थप उचाइमा पुर्याउन सहभागीको सङ्ख्या वृद्धिका लागि दबाब सृजना गर्न सडकमै शिक्षक तथा विद्यालय कर्मचारीको हाजिरीको व्यवस्था मिलाइएको छ ।

आन्दोलनमा देशभरबाट शिक्षक र विद्यालय कर्मचारीको प्रतिनिधिमूलक सहभागिता रहे पनि काठमाडौँ उपत्यकाको हकमा भने सबै शिक्षक र कर्मचारीलाई आन्दोलनमा अनिवार्य उपस्थितिका लागि उर्दी नै जारी गरेको छ । सुरुआती दिनका तुलनामा पछिल्ला दिनमा सहभागीको सङ्ख्या बढेको शिक्षक आन्दोलनका अगुवा बताउँछन् । शिक्षकको आन्दोलनलाई बल प्रदान गर्न कतिपय सङ्घसंस्थाले निःशुल्क खानेपानीको व्यवस्था गरेका छन् । आन्दोलनमा देखिने नाचगान, गीतसङ्गीत र विभिन्न कला प्रदर्शनीले माइतीघर-बानेश्वर खण्डमा आन्दोलनकारीलाई थप रौनकता प्रदान गरेको छ । आन्दोलन क्षेत्रमा फलफूल, पानी र अन्य हल्का पेय पदार्थको सडक व्यापार भने मौलाएको छ ।

यसैबीच, सरकारले पनि आन्दोलनरत शिक्षकहरूलाई आआफ्नो कार्यथलोमा फर्किन पटकपटक अनुरोध गरिरहेको छ । मन्त्रिपरिषद्को मङ्गलबारको बैठकले हाल विद्यार्थी भर्नाको समय, एसइईको उत्तर पुस्तिका परीक्षण एवं कक्षा १२ को राष्ट्रिय परीक्षासमेत भइरहेकाले विरोध प्रदर्शनका कार्यक्रम स्थगन गरी कार्यथलोमा फर्कन आग्रह गरेको हो ।

नेपाल शिक्षक महासङ्घको आह्वानमा भइरहेको प्रदर्शनप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सरकारले सङ्घीय संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक यथाशक्य चाँडो पारित गर्ने प्रयोजनका लागि सङ्घीय संसद्को अधिवेशन यही वैशाख १२ गते आह्वान समेत गरिरहेको छ ।

सरकारले नेपाल शिक्षक महासङ्घले उठाएका मागहरू सम्बोधन गर्न सरकार संवेदनशील रहेको र त्यस निम्ति निरन्तर संवादमा रहेको जानकारी दिएको छ । आन्दोलनको आज सत्रौँ दिन पनि सहभागीलाई ढाडस दिँदै शिक्षक प्रतिनिधिले भनिरहेका थिए, “दिनदिँदै आइएको छ, बसिएको छ, खै उपलब्धि के भयो र ! भन्ने लाग्न सक्छ, नआत्तिनुस् उपलब्धि हुने क्रममा छ । हामीले यहाँ आए र कराएको सरकारले नसुने पनि हेरेको छ ।”

सरकार र शिक्षक सङ्गठनबीच भएका सम्झौता कार्यान्वयन र नयाँ शिक्षा ऐन जारी हुनुपर्छ भन्नेमा आन्दोलनकारी शिक्षक र कर्मचारी दृढ छन् । विद्यालय तहमा लिइएको नतिजा प्रकाशित गर्ने, विद्यार्थी भर्ना अभियानलाई घनिभूत रूपमा लैजानुपर्ने बेलामा देशका भएभरका शिक्षक तथा कर्मचारी काठमाडौँ केन्द्रित आन्दोलन होमिन परेको विषयले अभिभावक र विद्यार्थीलाई भने यसपटक चिन्ता बढाएको छ ।

उसै त निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न चुनौती खेपिरहेका सरकारी विद्यालय आन्दोलनकै कारण विद्यार्थी भर्ना गर्न नसके थप अप्ठ्यारोमा पर्न सक्ने अभिभावकको गुनासो छ । नतिजा प्रकाशन गरेर भर्ना अभियानमा लाग्नुपर्नेमा सरकारले विगतमा गरेको सम्झौताअनुसार नयाँ शिक्षा ऐन नल्याएकाले आन्दोलन गर्नुपर्ने अवस्था निम्तिनुलाई सरकार नै दोषी रहेको आन्दोलनमा सहभागी शिक्षकको आरोप छ ।

आन्दोलन शिक्षकको मात्र नभई विद्यालयका प्रशासनिक कर्मचारी, सहयोगी, अस्थायी, करार, राहतमा रहेका शिक्षकले रित्तो हात घर फर्कनु परिरहेको अवस्था अन्त्यका लागि हो, त्यसका लागि छिटो शिक्षा ऐन आउनुपर्छ आन्दोलनरत शिक्षक बताउँछन् ।

सरकारसँग २०८० साल असारमा भएको सहमति कार्यान्वयन गर्ने मामिलामा बेवास्ता भइरहेकाले आन्दोलन गर्नुपरेको सुनाउँदै अभिभावक र विद्यार्थीलाई मर्का नपर्ने गरी उपयुक्त समयको छनोट गरी आन्दोनमा आउन परेको प्रतिक्रिया दिनुभयो । आन्दोलनमा स्थायी, अस्थायी, करार, बाल विकास शिक्षा, राहत, विद्यालय कर्मचारी, सहयोगी, साविक उच्च मावि, सिकाइ अनुदानलगायत शिक्षकहरू सहभागी छन् ।रासस

# ‘संविधानमा सुनिश्चित अधिकार महिलाले पाएनन्’

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले संविधानमा सुनिश्चित भएका अधिकार महिलाले प्राप्त गर्न नसकेको



बताउनुभएको छ ।

उहाँले जनसंख्याको ५१ प्रतिशत महिलाले ओगटेपनि अझै पनि हक र अधिकारबाट बञ्चित रहेको बताउनुभएको हो । महिला पुनःस्थापना केन्द्र (ओरेक) को ३४औँ वार्षिकोत्सवको अवसरमा यहाँ आयोजित एक कार्यक्रममा उहाँले भन्नुभयो, “संविधानमा लेखिएका हक अधिकारहरु महिलाले पाएका छैनन् ।

२०७२ को संविधान बन्नुअघि र पछि महिलाको जागरुकता र पहुँचमा धेरै अन्तर आइसकेको छ । महिला सचेत र जागरुक भइसकेका छन् । महिला आफैँ आफ्ना हकका लागि लड्नुपर्छ ।”

ओरेकका संस्थापक अध्यक्ष रेणु अधिकारीले समाजमा गाडिएको विभेदको जरो अन्त्य नहुन्जेल ओरेकले घच्घच्याउने काम गरिराख्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “समाजमा विभेदको जरो नराम्ररी गाडिएको छ । समाजका विभिन्न पाटोसँग ओरेकले काम गरेको छ । हामी सङ्घसंस्थाहरु प्रतिस्पर्धी होइनौँ सरकारका सहयोगी हौँ ।”

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले सयौँ वर्षदेखि बहिष्करणमा पारिएका र दबिएका आवाजका लागि ओरेकले काम गरेको र आयोग सहकार्य गर्न सधैँ तत्पर रहेको उल्लेख गर्दै शुभकामना व्यक्त गर्नुभयो ।रासस

# मेटालाई नेपालमा सूचीकृत गराउन पहल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जाललाई समाजप्रति उत्तरदायी बनाउन मन्त्रालयले मेटा नामक कम्पनीलाई सम्पर्क केन्द्र तोक्न जोड दिइरहेको बताउनुभएको छ ।

शुक्रबार यहाँ सञ्चारिका समूहको नवौँ महाधिवेशनमा मन्त्री गुरुङले देशको स्वतन्त्रता, भौगोलिक अखण्डता, स्वाधीनता र समुदायको हितका लागि सामाजिक सञ्जालको नियमन आवश्यक रहेको उहाँको भनाइ छ । यसका लागि हालसम्म मन्त्रालयमा भाइबर, टिकटक, विच्याटलगायत केही सामाजिक सञ्जालले सम्पर्क केन्द्र सूचीकृत गराइसकेको उहाँले जानकारी दिनुभयो ।

मेटासँग मन्त्रालयले सरकारको सम्पर्कमा आउनुपर्ने विषयमा बारम्बार दबाब दिइरहँदा अटेरी गरेको मन्त्री गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, “मेटाले सरकारलाई टेर्दैन, यति भन्दैमा हामीले उम्किन भने दिँदैनौँ । जसरी पनि नेपाल सरकारप्रति जवाफदेही बनाउँछौँ र सम्पर्क केन्द्र सूचीकृत गराउछौँ ।”

उहाँले राष्ट्रियसभाबाट पास भएको मिडिया काउन्सिल विधेयक हाल प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य समितिमा छलफलको क्रममा रहेको बताउनुभयो । आमसञ्चार प्राधिकरण बनाउने विषय भने अर्थ मन्त्रालयमा सहमतिका लागि छलफल भइरहेको मन्त्री गुरुङले जानकारी दिनुभयो । साथै सञ्चार माध्यमका पुरानो नीति र ऐन संशोधन गर्ने प्रक्रियामा मन्त्रालयले सक्रियता जनाउँदै आएको उहाँको भनाइ छ । “पुराना नीति परिमार्जन गरेर समय सापेक्ष बनाउन लागेको छु”, उहाँले भन्नुभयो । उहाँले सरकारी आमसञ्चार माध्यम कुनै नेता वा पार्टीप्रति उत्तरदायी नभई जनताप्रति जवाफदेही हुनुपर्ने धारणाका साथ सार्वजनिक सेवा प्रसारण संस्था (पिएसबी) बनाएको बताउनुभयो ।

गोरखापत्र र राइजिङ नेपाललाई गाभेर सार्वजनिक सेवा प्रकाशन (पिएसपी) ढाँचामा रुपान्तरण गर्ने प्रक्रिया मन्त्रालयले सुरु गरिसकेको जानकारी उहाँले दिनुभयो ।रासस

# तातोपानी नाका र सडकको स्तरोन्नतिमा सरकारले पहल गर्छः परराष्ट्रमन्त्री



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भोटेकोशी गाउँपालिका वडा नम्बर-२ स्थित तातोपानीधारामानिर्मितस्नानगृहको उद्घाटन गर्नुभएको छ । नेपाल-चीन सीमामा घुम्न आउने पर्यटक र तीर्थयात्रीलाई लक्षित गरेर भोटेकोशी गाउँपालिकाको लगानीमा स्नानगृह निर्माण गरिएको हो ।

तातोपानीमा हाल पुराना सात वटा धारा छन् भने नवनिर्मित भवनमा ४७ बाथटव निर्माण गरिएको छ । यहाँ प्रायः कात्तिक महिनादेखि चैतसम्म दैनिक एक हजारसम्म पर्यटक तातोपानी धारामा स्नान गर्न आउने गरेका छन् ।

त्यस अवसरमा परराष्ट्रमन्त्री डा राणाले सीमानाका र सडकको स्तरोन्नति तथा विकासका लागि आवश्यक पहल गर्ने जानकारी पनि दिनुभएको थियो । उहाँले पर्यटन प्रवर्द्धनका हिसाबले पनि सो नाका महत्त्वपूर्ण रहेको र यहाँबाट चीनको धार्मिक पर्यटकीयस्थल मानसरोबारका लागि सहज हुने भएकाले यस नाकालाई थप व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

मन्त्री डा राणाले अन्तर्राष्ट्रिय व्यापारिक मार्ग काठमाडौँ कोदारी राजमार्गका साथै यस तातोपानी नाकासँग जोडिएका अन्य सडकहरूको पनि स्तरोन्नति गर्न नेपाल सरकारले आवश्यक पहल गर्ने सो अवसरमा बताउनुभयो । मन्त्री डा राणाले यस विषयमा सिन्धुपाल्चोकका सांसद, स्थानीय जनप्रतिनिधि र अन्य सरोकारवालासँग जानकारी लिई स्तरोन्नतिका लागि आवश्यक परामर्श पनि गर्नुभएको थियो ।

**तातोपानी नाकालाई थप व्यवस्थित गर्न निर्देशन**

यसैबीच शुक्रबारै परराष्ट्रमन्त्री डा राणाले सिन्धुपाल्चोकको तातोपानी नाका तथा यहाँस्थित भन्सार कार्यालयको निरीक्षण गरी नाकालाई थप व्यवस्थित गर्न निर्देशन दिनुभयो । वार्षिक रु २० अर्बभन्दा बढी राजस्व उठ्ने नेपाल चीन व्यापारिक नाकाका रूपमा रहेको यस नाका तथा भन्सार कार्यालयको निरीक्षण गरी उहाँले सो निर्देशन दिनुभएको हो ।

> वार्षिक रु २० अर्बभन्दा बढी राजस्व उठ्ने नेपाल चीन व्यापारिक नाकाका रूपमा रहेको यस नाका तथा भन्सार कार्यालयको निरीक्षण गरी उहाँले सो निर्देशन दिनुभएको हो ।

यसका लागि नेपाल सरकारले पनि आवश्यक पहल गर्ने मन्त्री डा राणाले सो अवसरमा बताउनुभएको थियो । रासस

# निजामती विधेयकसम्बन्धी उपसमितिको प्रतिवेदनमाथि छलफल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डेले ‘सङ्घीय निजामती सेवाको सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०’ मा ‘कुलिङ पिरियड’ कम्तीमा दुई वर्षको राख्नुपर्ने सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा ‘सङ्घीय निजामती सेवाको सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०’ सम्बन्धमा उपसमितिको प्रतिवेदनमाथिको छलफलका क्रममा प्रमुख सचेतक पाण्डेले भन्नुभयो, “कुलिङ पिरियड नराख्दा विशिष्ट श्रेणीको कर्मचारी कार्यकाल पूरा नहुँदै राजीनामा दिएरसमेत जाने गरेका कारण नागरिकलाई गर्ने सेवा प्रभावित भइरहेको छ, अतिरिक्त सचिवको विषयमा एकपटक अनुभव गरेर हटाइसकिएको हो ।”

नेपाली कांग्रेसका सांसद एवं समितिका सदस्य दिलेन्द्रप्रसाद बडूको संयोजकत्वमा गठित उपसमितिले विधेयकलाई टुङ्गोमा पुर्याएर समितिलाई गत चैत २० गते



प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमाथिको छलफलमा सांसद हृदयराम थानीले कोही कसैलाई पनि विभेद हुनेगरी कानुन निर्माण गर्न नहुनेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, “एउटै मापदण्ड बनाउनुपर्छ, फरक-फरक नबनाउँ, कुलिङ पिरियडलाई एक वर्ष राखिएको छ, दुई वर्ष नै राखौँ, सबैको चाहना दुई वर्ष छ भने किन नराख्ने ?”सांसद दुर्गा राईले सरकारी जागिरका लागि पुरुषको उमेर ३५ वर्ष कायम गर्दैगर्दा महिलाको हकमा ४० वर्ष नै राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “पुरुषको ३५ वर्ष हुँदै गर्दा विधेयकमा महिलाको एक वर्ष किन घटाइएको हो ? यसमा किन अनुदार देखिएको हो ? यसमा ४० वर्ष नै राख्नुपर्छ ।”

सांसद रघुजी पन्तले भन्नुभयो, “अतिरिक्त सचिव पनि नराखौँ, नराख्दा त कर्मचारी व्यवस्थापनमा समस्या भइरहेको छ, फेरि राखियो भने समस्या आउँछ, एघारौँ र बाह्रौँ तह छँदैछ, अतिरिक्त सचिव राख्ने हो भने फेरि राज्यलाई आर्थिक भार बढ्छ ।”रासस

# ट्रम्पको 'ट्यारिफ युद्ध'को निसानामा परेको चीनले अपनाउन सक्ने सम्भाव्य रणनीति

**बीबीसी**


काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको व्यापक कर योजनाअन्तर्गत सुरुमा दर्जनौं देशहरूबाट अमेरिकामा आयात हुने वस्तुहरूमा कर लगाइएको छ र त्यसमा अमेरिकाका दीर्घकालदेखिका साझेदारहरू पनि परेका छन्।तर एप्रिल ९ मा उक्त कर योजना लागु हुनुभन्दा केही घण्टाअघि ट्रम्पले लगभग सबैजसो देशका उत्पादनमा लगाइएको करलाई ९० दिनका लागि स्थगित गरिदिएका छन्।

यद्यपि उनले एउटै देशका हकमा त्यसलाई स्थगित गरेका छैनन् र आफ्नो योजना कायम राखेका छन्। त्यो देश हो- चीन। ट्रम्पको त्यो घोषणाले केही विश्लेषकहरू अचम्भीत भएका छन् र उनीहरूले ट्रम्पले वास्तवमा सधैँ आफ्नो तारोमा चीनलाई मात्र पार्न चाहेको हुन सक्ने ठानिरहेका छन्। यद्यपि चीनबाट समेत आयात हुने कम्प्युटर र स्मार्टफोनलगायतका विद्युतीय सामग्रीमा नयाँ कर दर लागु नहुने उनले बताएका छन्। आफूले पद सम्हालेदेखि नै ट्रम्पले व्यापारसम्बन्धी नीतिहरूमा आफ्नो ध्यान केन्द्रित गरेका छन् र उनले धेरै देशमाथि कर थोपरेका छन्।

उनले व्यापारिक साझेदारहरूले अमेरिकाबाट लामो समयदेखि फाइदा लिइरहेको तर आफ्नो देशका स्थानीय उद्योगहरूले त्यसबाट सधैँ घाटा बेहोरिरहेको दाबी गर्ने गरेका छन्।उनको सबैभन्दा व्यापक र विवादित घोषणा भनेको एप्रिल २ मा उनले लागु गरेको कर हो। त्यसले विश्वका लगभग सबैजसो देशलाई प्रभावित गरेको छ र विश्वव्यापी व्यापार युद्ध सुरु हुने अवस्था बनाएको छ।

उनको उक्त घोषणाका कारण नै विश्वभरिको शेअर बजारमा असर पर्‍यो र त्यसले संसारभरिको शेअर बजारलाई निरन्तर खस्काएको छ।उनले दर्जनौं देशमाथि लगाएको करलाई ९० दिनका लागि स्थगित गरेपछि उनको योजनाबारे ह्वाइट हाउसले मुख खोलेको छ।ह्वाइट हाउसका भनाइमा ट्रम्पको योजना नै व्यापक मात्रामा सुरुमा सबैजसो देशका उत्पादनमा कर थोपर्ने र त्यसलाई केही समय स्थगित गरेर प्रत्येक देशहरूको अवस्थाबारे मूल्याङ्कन गर्ने रहेको थियो।तर चीन उक्त स्थगनको हिस्सा बन्न सकेन।

उल्टै ट्रम्पले चीनमाथि लगाएको करको दर बढाएर १४५ प्रतिशत पुर्‍याइदिए।




अमेरिकी अधिकारीहरू ट्रम्पको मुख्य लक्ष्य भनेको चीनलाई सहमतिका लागि दबाब दिनु रहेको बताउँछन्।"उनीहरू अमेरिकी व्यापार समस्याका मुख्य स्रोत हुन्," अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले संवाददाताहरूलाई भने, "अनि वास्तवमै उनीहरू सम्पूर्ण विश्वका लागि समस्याकारी हुन्।"तर विश्वको दोस्रो ठूलो अर्थतन्त्रसँगको यो लडाइँ निकै जोखिमपूर्ण रहेको छ।

चीनले पनि अमेरिकी सामानहरूमा १२५ प्रतिशत कर लगाएको छ र त्यो एप्रिल १२ देखि कार्यान्वयनमा आएको छ।ट्रम्पले जे गरिरहेका छन्, त्यो उनका पूर्ववर्ती बराक ओबामाको अमेरिकी ध्यान पूर्वतर्फ र विशेष गरी चीनको बढ्दो प्रभाव तथा शक्तिसँग जुध्न केन्द्रित गर्ने प्रयासको निरन्तरता हुन सक्छ।"यो नयाँ युग हो र यसमा अर्थतन्त्रको भूमिका व्यापक छ," राजनीतिक विश्लेषक तथा लेखक टिम मार्शलले गत केही सातामा भएका घटनाक्रमबारे बीबीसीलाई भने।

"मलाई लाग्छ यो चीनबारेको कुरा हो। ब्रिटिश र युरोपेलीहरूलाई लगाइएको कर सधैँ पातलो हुँदै गइरहेको थियो तर चीनमाथि प्रहार भयो।" गत ज्यानुअरीमा ट्रम्प ह्वाइट हाउस पुनः प्रवेश गरेदेखि नै चीन र अमेरिका तनावपूर्ण व्यापार युद्धमा संलग्न भएका छन्।त्यसले गर्दा जबाफी करहरूको सिलसिला नै चल्यो।चिनियाँ वाणिज्य मन्त्रालयले ट्रम्पको करलाई "व्यावहारिक रूपमा खासै अर्थ नभएका अङ्कहरूको खेल मात्र भएको" बताएको।

"यदि अमेरिकाले त्यहाँ निर्यात हुने चिनियाँ सामानहरूमा निरन्तर कर थोपरिरहन्छ भने चीनले त्यसलाई बेवास्ता गर्ने छ।"बीबीसीका चीन संवाददाता स्टीफन म्याक्डोनलका अनुसार चिनियाँ नेताहरूले लगातार ट्रम्प प्रशासनको कदमलाई "धम्की" भनिरहेका छन्। त्यसको अर्थ उनीहरू ट्रम्पको नीति वा उनीसामु झुक्न चाहँदैनन् भन्ने हो। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निआङले हालै माओको एउटा तस्बिर सामाजिक सञ्जालमा राखेकी छिन्।उनले त्यसमा कोरियाली युद्धका बेला माओले दिएको एउटा अभिव्यक्तिको 'क्लिप' पनि राखेकी छन्।

त्यसमा माओले भनेका छन्, "चाहे युद्ध जतिसुकै लम्बियोस्, हामी झुक्दैनौँ।"उनले त्यसमा आफ्नो भनाइ पनि राखेकी छन्, "हामी चिनियाँ हौँ। हामी कुनै पनि उक्साहटबाट डराउँदैनौँ। हामी पछि हट्दैनौँ।"अनि, चीन त्यसो गर्नका लागि अरु कुनै पनि देशभन्दा मजबुत अवस्थामा पनि रहेको म्याक्डोनलको बुझाइ छ। पछिल्लो करयुद्धअघिको अवस्थामा चीनको कुल गार्हस्थ्य उत्पादन अर्थात् जीडीपीमा उसले अमेरिकामा गर्ने निर्यातको हिस्सा झन्डै दुई प्रतिशत मात्र रहेको देखिन्छ।

सिटी इन्डेक्स यूकेका एक वरिष्ठ बजार विश्लेषक फियोना सिन्कोटाका अनुसार ट्रम्पको पहिलो कार्यकालका तुलनामा अमेरिकामा चिनियाँ पहुँच निकै कम रहेको छ।"चीनले अमेरिकामा हुने उसको निर्यातको निर्भरतालाई कम गर्दै गएको छ। त्यसले गर्दा अहिले लगभग १३ प्रतिशत मात्र निर्यात अमेरिकामा हुन्छ। ट्रम्पको पहिलो कार्यकालमा यो २६ प्रतिशत थियो," उनले भनिन्।

अन्य विश्लेषकहरू बेइजिङले ट्रम्पको आर्थिक नीतिहरूबारे बेइजिङले अनुमान गरेको हुन सक्ने ठान्छन्। "उनीहरूले लामो समयदेखि तयारी गरिरहेका छन्," द इकोनोमिस्टका सम्पादक डेभिड रेनी भन्छन्। उनले हालै मात्र बेइजिङमा चिनियाँ अधिकारीहरू तथा प्राज्ञहरूलाई भेटेका थिए।

"उनीहरूले अमेरिकाविरुद्ध अल्पकालीन रक्षात्मक तयारीहरू गरेका छन् तर उनीहरूले दीर्घकालीन उपायहरू पनि अपनाउन खोजिरहेका छन्। उच्च रूपमा निर्यातमा निर्भर नभईकन पूरा अर्थतन्त्रलाई नै पुनः सन्तुलिन बनाउन पनि खोजिरहेका छन्। " अमेरिकासँगको यो व्यापार युद्धबीच चिनियाँ राष्ट्रपति सीले आफ्ना व्यापार साझेदारहरूलाई जोड्नका निम्ति काम गरिरहेको जस्तो देखिन्छ।

चीनले ट्रम्पको करका कारण प्रभावित भएका देशहरूलाई एक हुनका लागि आह्वान गरिरहेको छ।एप्रिल ११ मा स्पेनिश प्रधानमन्त्री पेद्रो सान्चेजसँगको भेटमा सीले युरोपेली सङ्घ र उनको देशले संयुक्त रूपमा ट्रम्प प्रशासनको "एकपक्षीय धम्कीको अभ्यासलाई" चुनौती दिनुपर्ने बताएका थिए।सीले करका कारण प्रभावित भएका देशहरूको भ्रमण पनि सुरु गरेका छन्। सोमवार भियतनाम पुगेका उनले मलेशिया र क्याम्बोडियाको पनि भ्रमण गर्दै छन्।

चिनियाँ प्रधानमन्त्री ली चियाङले युरोपेली आयोगकी अध्यक्ष उर्जुला फोन डेर लाओनलाई वार्ताका लागि आह्वान गरेका छन्।उनले "व्यापार प्रणालीमा व्यापक सुधार गर्न र स्वतन्त्र, निष्पक्ष तथा प्रतिस्पर्धाका लागि आधार भएको" व्यापारका लागि छलफल गर्न आह्वान गरेका हुन्।चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले युरोपेली सङ्घ, साउदी अरेबिया र दक्षिण अफ्रिकाका समकक्षीहरूसँग कुराकानी गरेका छन्। चीनले अन्य देशहरूसँग सम्पर्क गरिरहनुको अर्थ सायद उनीहरूलाई आश्वस्त पार्नु पनि हुन सक्छ।

चीनले अमेरिकी बजारको साटो नयाँ बजार खोज्दै गर्दा त्यो नयाँ बजारले पनि समस्याहरू देखाउने सम्भावना रहन्छ। त्यसले बेइजिङसामु कूटनीतिक अनिश्चय उत्पन्न पनि हुन सक्छ।डेभिड रेनी यदि ती नयाँ बजारहरूमा व्यापक निर्यात हुन थाल्यो भने त्यसले धेरै देशमा रोजगारीको अवसर कम हुने अवस्था बन्ने र त्यसले चीनका लागि कूटनीतिक एवं भूरणनीतिक टाउको दुखाइ उत्पन्न हुने ठान्छन्।

अर्को समस्या भनेको आन्तरिक बजार हो। बीबीसीसँग कुराकानीमा चिनियाँ उपभोक्ताहरूले यदि अमेरिकी सामानहरू महँगो भएमा आफूहरू सामान्य रूपमा चिनियाँ सामानतर्फ फर्कने बताएका छन्। चीनको अर्थतन्त्र अहिले मुद्रास्फीति नभएको अवस्थाबाट ग्रुजिरहेको छ।आधिकारिक विवरणहरूमा उपभोक्ता मूल्यवृद्धि सूचक मार्चमा पनि नकारात्मक देखिएको छ। चीनमा यस्तो भएको यो लगातार दोस्रो महिना हो। यो सूचक मुद्रास्फीति मापन गर्ने मुख्य माध्यम हो। त्यसले चीनमा आन्तरिक रूपमा खासै मागको स्थिति छैन भन्ने देखाउँछ।

"सी चीन र अमेरिका आर्थिक युद्धमा फस्ने सम्भावना तथा त्यसको खतराबारे परिचित छन् र उनले उथलपुथल हुने अवस्थाका लागि तयारी गरेका छन्," हालै चीन भ्रमणबाट फर्किएका अमेरिकी राजनीतिक विश्लेषक प्राध्यापक ग्राहम एलिसन भन्छन्।उनी सबै क्षेत्रमा चिनियाँहरूले तयारी गरेको र अहिलेको व्यापार युद्धले आफूहरू कम्तीमा अमेरिकीहरूजस्तो धेरै प्रभावित नहुनेमा विश्वस्त देखिएको बताउँछन्।

# कोशी प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगिता हुने



मिक्लाजुङ । खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने, आर्थिकगतिविधिमाटेवापुर्‍याउने उद्देश्यले पाँचथरको फिदिममा कोशी प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ।

जिल्ला खेलकुद विकास समितिको आयोजनामा यही वैशाख ८ गतेदेखि १० गतेसम्म फिदिमस्थित जिल्ला समन्वय समितिको ब्याडमिन्टन हलमा प्रतियोगिता आयोजना गर्न लागिएको खेलकुद विकास समितिका अध्यक्ष सन्तोष मोक्तानले जानकारी दिनुभयो।

आयोजक जिल्ला खेलकुद विकास समितिले शुक्रबार फिदिममा पत्रकार सम्मेलन आयोजना गरी प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। यस प्रतियोगितातर्फ मेन्स सिङ्गल, वुमेन्स सिङ्गल, मेन्स डबल्स र मिक्स डबल्स गरी चार विधाका लागि ५८ खेलाडी सहभागी हुने समितिका सचिव दुश्यन्त बस्नेतले जानकारी दिनुभयो।

भ े ट ा न स प्रतियोगिताको हरेक विधाका विजेता, उपविजेता र तृतीय स्थान हासिल गर्ने खेलाडीले नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्नेछन्। प्रदेश खेलकुद विकास बोर्डको संयोजन र फिदिम नगरपालिका तथा जिल्लाका अन्य स्थानीय तहहरूको समन्वयमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो। प्रतियोगिता सफल पार्न रु १८ लाख खर्च हुने आयोजकले जनाएको छ।रासस

# अमेरिकाद्वारा चिनियाँ जहाज लक्षित नयाँ बन्दरगाह शुल्कको घोषणा

**एएफपी**

वासिङ्टन।संयुक्त राज्य अमेरिकाले घरेलु जहाज निर्माण उद्योगलाई बढावा दिन र यस क्षेत्रमा चीनको प्रभुत्व रोक्नका लागि भन्दै बिहीबार चीनमा निर्मित र उसबाट सञ्चालित जहाजहरूमा नयाँ बन्दरगाह शुल्क जारी गरेको छ।राष्ट्रपति डोनल्ड ट्रम्पको करवृद्धिलाई लिएर संयुक्त राज्य अमेरिका र चीनबीच ठूलो व्यापार युद्ध चलिरहेको र यसले थप तनाव बढाउन सक्ने अवस्थाबीच यो कदम चालिएको हो।

"अमेरिकी आर्थिक सुरक्षा र वाणिज्यको स्वतन्त्र प्रवाहका लागि पानीजहाज र पानीमार्फत् हुने ढुवानी महत्वपूर्ण छन्," अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीरले नयाँ शुल्कको घोषणा गर्दै भन्नुभयो। नयाँ नियमअनुसार प्रति टन भार वा प्रति कन्टेनर शुल्क प्रत्येक बन्दरगाहमा नभई चीनसँग जोडिएका प्रत्येक जहाजको अमेरिकी यात्रामा लागू हुनेछ। शुल्क प्रति वर्ष पाँच पटकसम्म मात्र मूल्याङ्कन गरिनेछ र यदि उदोग मालिकले अमेरिकी निर्मित जहाजको लागि अर्डर राख्छ भने यो शुल्क मिनाह गर्न सकिन्छ।

दोस्रो विश्वयुद्ध पछि अमेरिकी जहाज निर्माण उद्योग बिस्तारै गिरावट आएको छ र अब वैश्विक उत्पादनको केवल ०.१ प्रतिशत मात्र कायम रहेको छ। यस क्षेत्रमा अहिले एसियाको प्रभुत्व छ। चीनले दक्षिण कोरिया र जापानलाई पछि पार्दै सञ्चालनमा आएका सबै जहाजहरूको लगभग आधा निर्माण गरिरहेको छ।संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार यी तीन एसियाली देशले ९५ प्रतिशतभन्दा बढी पानी जहाज निर्माण गर्छन्।चीन सञ्चालित पानीजहाज र चीनमा निर्मित जहाजका लागि छुट्टाछुट्टै शुल्क लाग्नेछ र त्यसपछिका वर्षहरूमा यी दुवै क्रमशः बढ्नेछन्।

चीनमा निर्मित जहाजका लागि प्रति कन्टेनर १८ डलर वा प्रति कन्टेनर १२० अमेरिकी डलर शुल्क तोकिएको छ, जसको अर्थ १५ हजार कन्टेनर भएको जहाजमा १८ लाख अमेरिकी डलर शुल्क लाग्नेछ।बेइजिङले शुक्रबार नयाँ शुल्क 'सबै पक्षका लागि हानिकारक' हुने चेतावनी दिएको थियो।विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भन्नुभयो, "यसले विश्वव्यापी ढुवानी लागत बढाउँछ, विश्वव्यापी उत्पादन र आपूर्ति श्रृंखलाको स्थिरतालाई बिथोल्छ, संयुक्त राज्य अमेरिकाभित्र मुद्रास्फीतिको दबाब बढाउँछ र अमेरिकी उपभोक्ता र व्यवसायहरूको हितलाई हानि पुर्‍याउँछ।

"अन्ततः, उनीहरूले अमेरिकी जहाज निर्माण उद्योगलाई पुनर्जीवित गर्न सफल हुनेछैनन्," उहाँले भन्नुभयो। करिब ३० वटा उद्योगको प्रतिनिधित्व गर्ने अमेरिकी समूहले यस्तो शुल्कले आयातित वस्तुको मूल्यमा पर्न सक्ने जोखिमबारे मार्चमा चिन्ता व्यक्त गरेका थिए।समूहहरूले सर्वेक्षण गरेका एक व्यवसायीले चीन र अन्य देशहरूमा करका साथै स्टिल र आल्युमिनियम आयातमा करसहित प्रस्तावित शुल्कले 'अमेरिकी खुद्रा बिक्रेताहरूलाई असाधारण दबाब' दिने चिन्ता व्यक्त गरे।

सबै गैर-अमेरिकी निर्मित कार ढुवानी गर्ने जहाजहरू पनि १८० दिनमा सुरु हुने शुल्कबाट प्रभावित हुनेछन्।वासिङ्टनले तरलीकृत प्राकृतिक ग्याँस (एलएनजी) बोक्ने जहाजका लागि पनि नयाँ शुल्क लागू गर्दैछ, यद्यपि ती तीन वर्षसम्म लागू हुँदैनन्।उक्त घोषणासँगै लेखिएको तथ्यपुस्तिकामा भनिएको छ, 'ग्रेट लेक्स वा क्यारेबियन सिपिङ, अमेरिकी क्षेत्रहरूमा ढुवानी वा संयुक्त राज्य अमेरिकामा खाली आउने जहाजहरूमा ढुवानी हुने निर्यातलाई शुल्कले समेट्ने छैन।

ग्रीरले केही जहाज, क्रेन र चिनियाँ कार्गो बोक्ने उपकरणहरूमा प्रस्तावित अतिरिक्त कर लागू हुने घोषणा गर्नुभएको हो। "ट्रम्प प्रशासनको कदमले चिनियाँ प्रभुत्वलाई उल्ट्याउनेछ, अमेरिकी आपूर्ति श्रृ लामा रहेको खतरालाई सम्बोधन गर्नेछ र अमेरिकानिर्मित जहाजहरूको लागि माग सङ्केत पठाउन सुरु गर्नेछ," ग्रीरले भन्नुभयो।

# चीनको अन्तरिक्ष अभियान : सन् २०२५ मा के गर्दैछ चीन?



**सिन्ह्वा**

बेइजिङ। चीनले सन् २०२५ मा धेरै महत्वपूर्ण अन्तरिक्ष अभियानहरू सञ्चालन गर्ने योजना बनाएको छ। यसमा 'तियानवेन-२' नामक क्षुद्रग्रह अन्वेषण मिसन पनि सामेल छ। यस मिसनले क्षुद्रग्रहको नजिक पुगेर अध्ययन गर्ने र नमुना सङ्कलन गर्नेछ।

क्षुद्रग्रह अन्वेषण मिसन भन्नाले अन्तरिक्षमा रहेका साना ग्रहजस्तै आकृतिका वस्तुहरू, जसलाई क्षुद्रग्रह भनिन्छ, तिनीहरूको अध्ययन गर्न पठाइने अन्तरिक्ष अभियानलाई जनाइन्छ। यस्ता मिशनहरूबाट क्षुद्रग्रहको बनावट, उत्पत्ति, सतहको अवस्था, गति आदिको बारेमा जानकारी लिइन्छ, जसले सौरमण्डलको इतिहास बुझ्न सहयोग पुर्‍याउँछ। साथै, पृथ्वीमा खतरनाक रूपमा नजिक आउने क्षुद्रग्रहहरू पहिचान गर्न र भविष्यमा यिनबाट बच्ने उपाय सोच्न पनि यस्ता मिसन उपयोगी हुन्छन्।

त्यस्तैगरी, 'शेन्चौ-२०' र 'शेन्चौ-२१' नामक मानिस चढाइने यानहरू पनि यही वर्ष अन्तरिक्षतर्फ पठाइने छन्।चीनले अन्य देशहरूसँग मिलेर संयुक्त अन्तरिक्ष अनुसन्धान पनि गर्दैछ। युरोपसँग मिलेर बनाइने एउटा अभियानले सूर्यको हावा पृथ्वीको चुम्बकीय क्षेत्रमा कसरी असर गर्छ भन्ने कुरा पत्ता लगाउनेछ। अर्को परियोजनामा चीन र इटालीले मिलेर भू-कम्प पहिल्यै थाहा पाउने उद्देश्यले एउटा उपग्रह निर्माण गरिरहेका छन्।

चीनले बेल्ट तथा सडक पहलमा सहभागी भएका देश, ब्रिक्स समूहका राष्ट्र र युरोपेली साझेदारहरूसँग मिलेर चन्द्रमामा अनुसन्धान केन्द्र बनाउने, अन्तरिक्षमा संयुक्त अध्ययन गर्ने र विज्ञान प्रविधिको आदानप्रदान गर्ने योजना अघि बढाइरहेको छ।चीनले आफ्नो उपग्रह सेवामार्फत कृषि विकास, विपद् व्यवस्थापन तथा स्मार्ट सहर निर्माणजस्ता क्षेत्रमा पनि अन्य राष्ट्रहरूलाई सहयोग गर्नेछ।

यसै सन्दर्भमा, चीनले यस वर्षको अन्तरिक्ष दिवस अप्रिल २४ मा मनाउनेछ। सो अवसरमा शाङ्घाइ शहरमा बृहत् कार्यक्रमहरू आयोजना गरिने छन्, जसमध्ये उद्घाटन समारोह, अन्तरिक्ष प्रदर्शनी, सांस्कृतिक गोष्ठी तथा शैक्षिक सम्मेलनहरू मुख्य हुनेछन्।देशभर करिब ६५० वटा सार्वजनिक कार्यक्रम आयोजना हुनेछन्, जसमा विद्यालय खुला गर्ने, वैज्ञानिकद्वारा कक्षा सञ्चालन, विज्ञान प्रदर्शनी, प्रतियोगिता तथा कार्यशाला हुनेछन्।

यस पटकको अन्तरिक्ष दिवसमा थाइल्याण्डलाई विशेष अतिथि राष्ट्रको रूपमा आमन्त्रित गरिएको छ। चीन र थाइल्याण्डले चन्द्र-अभियान, संयुक्त उपग्रह निर्माण र पृथ्वी अवलोकनसम्बन्धी सहकार्यलाई अझ विस्तार गर्ने योजना बनाएका छन्।चीनले आफ्नो पहिलो उपग्रह 'तुङफाङहोङ-१' सन् १९७० को अप्रिल २४ मा प्रक्षेपण गरेपछि, यही दिनलाई सम्झनाका रूपमा सन् २०१६ देखि प्रत्येक वर्ष 'चीन अन्तरिक्ष दिवस' को रूपमा मनाउँदै आएको हो।

# पानी धेरै पिउँदा पनि हानि, कम पिउँदा पनि हानि

**बीबीसी**

काठमाण्डु। जीवनका लागि पानी अत्यावश्यक हुन्छ। कैयौँ विश्वव्यापी मापदण्डहरूले प्रतिदिन महिलाहरूले दुई लिटर र पुरुषहरूले अढाई लिटर पानी पिउनु उपयुक्त हुने सिफारिस गरेका छन्। तर वैज्ञानिकहरू हाम्रो शरीरलाई आवश्यक पर्ने पानीको मात्रा धेरै कुरामा निर्भर हुने बताउँछन्।

पर्याप्त पानी नपिउँदा जलवियोजन अर्थात् शरीरमा पानी कम हुने अवस्था आउन सक्छ भने अति धेरै पानी पिउँदा पनि शरीरमा हानि हुन्छ। हाम्रो शरीरको तौलको झन्डै ६० प्रतिशत हिस्सा पानीले ओगट्छ। हाम्रा कोषहरू, अङ्गहरू, रगत र विभिन्न भागमा पानी हुन्छ। "पानी पोषक तत्त्व पनि हो," स्कटल्यान्डस्थित यूनिभर्सिटी अफ स्टर्लिङकी जलसंयोजन अर्थात् शरीरमा पर्याप्त पानीको मात्रा कसरी मिलाउने भन्नेसम्बन्धी विषयकी विज्ञ डा निदिया रोड्रिगेज-सान्चेज भन्छिन्।

"हामी प्रोटीन, भिटमिन, कार्बोहाइड्रेट र फाइबरबारे धेरै कुरा गर्छौँ। तर जीवनका लागि पानी पनि एउटा महत्त्वपूर्ण पोषणको स्रोत हो भन्ने सोच्दैनौँ।" पानीले हरेक शारीरिक क्रियाकलापमा महत्त्वपूर्ण भूमिका खेल्छ। हार्भर्ड मेडिकल स्कूलका अनुसार पानीका केही महत्त्वपूर्ण भूमिकाहरू यस्ता छन् :

- कोषहरूमा अक्सिजन र पोषण पुर्‍याउनु
- मूत्राशयबाट ब्याक्टेरियाहरूलाई पखाल्नु
- पाचनक्रियामा सहयोग पुर्‍याउनु
- कब्जियत हुन नदिनु
- रक्तचापलाई सामान्य पार्नु
- जोर्नीहरूलाई लचिलो बनाएर दुख्न नदिनु
- अङ्गहरू र तन्तुहरूको रक्षा गर्नु
- शरीरको तापक्रमलाई उपयुक्त बनाइराख्नु
- शरीरका लागि आवश्यक पर्ने इलेक्ट्रोलाइट अर्थात् सोडिअमको मात्रा मिलाउनु

**जलवियोजनका केही लक्षणहरू यस्ता हुन्छन् :**

- पहेँलो र कडा गन्धयुक्त पिसाब आउनु
- सामान्य अवस्थामा भन्दा थोरै पटक पिसाब लाग्नु
- रिँगटा लाग्नु वा भाउन्न होला जस्तो हुनु
- थकान महसुस हुनु
- मुख, ओठ र जिब्रो सुक्खा हुनु
- आँखा गड्नु

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का अनुसार शरीरमा पानीको मात्रा अति कम भएमा भ्रान्तिको अवस्था उत्पन्न हुन्छ भने मुटुको गति तीव्र हुन्छ र अङ्गहरूले काम गर्न नसक्ने पनि हुन सक्छ। हो, अनि त्यसको नतिजा निकै गम्भीर पनि हुन सक्छ।

छोटो समयमा अत्यधिक पानी पिउँदा



हाइपोनेट्रेमिआ अर्थात् सोडिअम घटेको अवस्था उत्पन्न हुन सक्छ। त्यसलाई 'वाटर इन्टक्सिकेशन' अर्थात् जलोन्माद पनि भनिन्छ। तपाईँको रगतमा सोडिअमको मात्रा ह्वात्तै घट्दा यस्तो डरलाग्दो अवस्था उत्पन्न हुन्छ। त्यसले गर्दा तपाईँको शरीरका कोषहरूमा सुजन हुन्छ।

**हाइपोनेट्रेमिआका केही लक्षणहरू यस्ता हुन्छन् :**

- वाकवाकी र बान्ता
- टाउको दुख्नु
- भ्रम उत्पन्न हुनु
- शक्ति गुम्नु, तन्द्रा लाग्नु र क्लान्त हुनु
- छटपटी हुनु र झर्को लाग्नु
- मांसपेशी कमजोर हुनु, बाउँडिनु र फर्कनु
- सीजर अर्थात् मूर्च्छा पर्नु
- अतिशय अवस्थामा कोमामा जानु

लन्डन म्यारथनमा सहभागी हुनका लागि सन् २०१८ मा योहाना पेरी आफ्ना छोरी र ज्वाइँका साथमा प्रशिक्षणमा सहभागी भइरहेकी थिइन्। त्यो एकदमै गर्मी दिन थियो र उनले स्वयंसेवकहरूले दौडमा सहभागीहरूलाई उपलब्ध गराएको पानी धेरै पिएकी थिइन्।

"मलाई याद भएको अन्तिम कुरा उक्त हाफ-म्यारथनको सङ्केत थियो," उनले बीबीसीको फूड चेन कार्यक्रमलाई भनिन्।सघन उपचारका क्रममा उनले तीन दिनपछि आँखा खोलिन्। उनका पतिले खिचेको एउटा भिडिओमा उनले अन्तिम रेखा पार गर्दै गरेको देखिन्छ। त्यसको सम्झना भने उनलाई छैन। उनले आफूलाई होस आएपछिको अवस्थाबारे स्मरण गर्दै भनिन्, "मेरा श्रीमान् र अन्य केही साथीहरू त्यहीँ थिए। उनीहरूले हात हल्लाए। म लडखडाएकी थिएँ। हामी घर गयौँ र म वास्तवमै बिरामी भएकी थिएँ।"

"मैले पानी मात्र धेरै पिएकी थिएँ तर त्यसले मेरो शरीरलाई काम गर्नका निम्ति आवश्यक पर्ने सबै नुन र पोषक तत्त्व पखालिदिएको थियो।" योहानाले बेहोरेको त्यो अवस्थाले हाम्रो शरीरले धान्नेभन्दा बढी पानी पिउँदा के हुन्छ भन्ने कुरालाई उजागर गर्छ। तरल पदार्थ रक्तप्रवाहमा चाँडै सोसिन्छ। अतिरिक्त रूपमा त्यसरी सोसिएको तरल पदार्थलाई मिर्गौलाले छान्छ र पिसाबमार्फत् बाहिर निष्काशन गर्छ।

तर हाम्रा मिर्गौलाहरूले एक घण्टामा एक लिटर तरल पदार्थ मात्र छान्न सक्छन्। स्वास्थ्यसम्बन्धी धेरै आधिकारिक निकायहरूले स्वस्थ रहनका लागि दैनिक ६ देखि ८ कप पानी पिउनु उपयुक्त हुने सिफारिस गरेका छन्। युरोपेली खाद्य सुरक्षासम्बन्धी निकायका अनुसार दैनिक रूपमा महिलाले दुई र पुरुषले साढे दुई लिटर पानी पिउनु उपयुक्त हुन्छ। त्यो भनेको विभिन्न खाद्य स्रोतहरूबाट उपलब्ध हुने पानीसहितको गणना हो, पेय पदार्थबाट मात्र प्राप्त हुने पानी भनिएको होइन।

अधिकांश खानेकुराहरू जस्तै फलफूल, तरकारी, भात र बदाम वा त्यस्तै प्रकारका खानेकुराहरूलगायतमा पनि पानीको मात्रा हुन्छ। उदाहरणका लागि खरबुजामा ९२ प्रतिशतसम्म पानीको मात्रा हुन्छ। यद्यपि ती सिफारिसहरू पनि सबैलाई उस्तै गरी लागु हुन्छन् भन्ने हुँदैन। स्कटल्यान्डस्थित यूनिभर्सिटी अफ आबर्डीनका प्राध्यापक जोन स्पीक्म्यान २३ देशका ५,००० जनाभन्दा बढी मानिसहरूले पिएको पानीबारे अनुगमन गरेको विश्वव्यापी अध्ययनमा सहभागी थिए।

"बीसदेखि ६० वर्षका पुरुषहरूलाई सम्भवतः दैनिक १.८ लिटर आवश्यक पर्छ। सोही समूहका महिलाहरूलाई साढे एकदेखि १.६ लिटरसम्म आवश्यक पर्छ। तपाईँ ८५ वर्षमाथि पुगेपछि तपाईँलाई दैनिक एक लिटर भए पुग्छ," उनले भने।

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । शुक्रबार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ३० पैसा र बिक्रीदर १३६ रुपैयाँ ९० पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर १५४ रुपैयाँ ९३ पैसा र बिक्रीदर १५५ रुपैयाँ ६१ पैसा, युके पाउन्ड स्ट्रर्लिङ एकको खरिददर १८० रुपैयाँ ४० पैसा र बिक्रीदर १८१ रुपैयाँ १९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६६ रुपैयाँ ८२ पैसा र बिक्रीदर १६७ रुपैयाँ ५५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ७२ पैसा र बिक्रीदर ८७ रुपैयाँ १० पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ १५ पैसा र बिक्रीदर ९८ रुपैयाँ ५८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ८८ पैसा र बिक्रीदर १०४ रुपैयाँ ३३ पैसा निर्धारण गरिएको छ ।

यस्तै, जापानी येन १० को खरिददर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६७ पैसा र बिक्रीदर १८ रुपैयाँ ७५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ४८ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ३९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५६ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०९ पैसा र बिक्रीदर चार रुपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ११ पैसा र बिक्रीदर ३७ रुपैयाँ २७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ९२ पैसा र बिक्रीदर ३१ रुपैयाँ ०६ पैसा निर्धारण भएको छ ।

त्यसैगरी, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६२ पैसा र बिक्रीदर नौ रुपैयाँ ६६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ०५ पैसा र बिक्रीदर १४ रुपैयाँ ११ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ७५ पैसा र बिक्रीदर २० रुपैयाँ ८४ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ५६ पैसा र बिक्रीदर १७ रुपैयाँ ६३ पैसा, कुवेती दिनार एकको खरिददर ४४४ रुपैयाँ ५८ पैसा र बिक्रीदर ४४६ रुपैयाँ ५४ पैसा, बहराइन दिनार एकको खरिददर ३६१ रुपैयाँ ६० पैसा र बिक्रीदर ३६३ रुपैयाँ १९ पैसा, ओमनी रियाल एकको खरिददर ३५४ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३५५ रुपैयाँ ५९ पैसा रहेको छ । यस्तै, केन्द्रीय बैंकले भारतीय रुपैयाँ १०० को खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने खुलाबजारका आधारमा फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ ।रासस

# सात दशकदेखि स्वाद चखाउँदै धनकुटे नरिवल बिस्कुट



धनकुटा । राणाकालीन शासन व्यवस्थाको प्रशासनिक विरासत बोकेको सहर धनकुटालाई अनेक मिथक, कथा र तथ्यले परिचय दिन्छ । प्रशासनिक केन्द्र भएकाले उ बेला गुल्जार भनिएको धनकुटा मुलुकमा व्यवस्था परिवर्तन हुनेक्रमसँगै बेहुली अन्माएको घरजस्तै बिरसिलो बन्दै गएको स्थानीयको अनुभूति सुनिन्छ ।

धनकुटाको विगतको त्यो विरासत र गर्विलो इतिहास अहिले नदेखिए पनि धनकुटा बजारको एकछेउमा रहेको सात दशकअघि खुलेको बिस्कुट उद्योगले भने पुराना दिनहरुलाई सम्झाउन छाडेको छैन । धनकुटाको जीवित इतिहासका रुपमा रहेको मोहन बिस्कुट उद्योगले ७३ वर्ष पहिलेदेखि अनवरतरुपमा उपभोक्तालाई स्थानीय स्वाद चखाउँदै आएको छ । यहाँको धनकुटे नरिवल बिस्कुटले जिल्लाको पहिचान स्थापना गर्ने मात्र होइन, यसको मौलिक स्वादले धेरैको मुख रसिलो बनाउँदै आएको छ ।

प्रशासनिक काममा धनकुटा आउने धेरै सरकारी कर्मचारी र सेवाग्राहीले चिया पिउँदा होस् वा घर फर्किंदा लैजाने कोसेलीको रुपमा धनकुटे नरिवल बिस्कुट पहिलो रोजाइमा पर्छ । रैथाने खाद्यवस्तु भएकाले धनकुटा बजार पुग्ने जो कोही आगन्तुकले घर फर्कंदा कोसेली स्वरुप धनकुटे नरिवल बिस्कुट खरिद गर्न भुल्दैनन् ।

लोकसेवा आयोगको परीक्षा दिन धनकुटा पुग्नुभएकी एक युवती बसपार्कमा बिस्कुट किन्दै गरेको भेटिनुभयो । बिस्कुट झोलामा हाल्दै उहाँले भन्नुभयो, "जतिपटक धनकुटा आएको छु, उतिनै पटक धनकुटे नरिवल बिस्कुट कोसेली लिएर गएकी छु । अन्य बिस्कुटभन्दा यसको स्वाद बेग्लै छ । स्थानीय उत्पादन भएकाले परिवार र साथीहरुले पनि खुब मन पराउँछन् । सबैले रुचाउने भएकाले यता आउँदा किनेर लैजान्छु ।"

भारतको जोगवनीबाट सुरु हुने कोशी राजमार्ग धनकुटा बजार छिचोल्दै सङ्खुवासभाको किमाथाङ्कासम्म पुग्छ । यो राजमार्गमा दैनिक हजारौं गाडी गुड्छन् । ती गाडीको एउटा स्टेसन हो, धनकुटा बसपार्क । ती गाडीमा यात्रा गर्ने यात्रुहरुको रोजाइ पनि धनकुटे नरिवल बिस्कुट पर्ने गर्छ । धनकुटा बसपार्कका सबैजसो पसलमा विभिन्न किसिमका धनकुटे बिस्कुट राखिएको हुन्छ । बसपार्कमा एकछिन गाडी रोकिएको बेलामा पनि यात्रुहरुको आँखा धनकुटे बिस्कुटमै पर्छ । आफन्त भेटघाटमा पनि सबैभन्दा सजिलो कोसेली भएकाले यात्रुहरुले किन्ने गरेको धनकुटा बसपार्कमा रहेको पाथीभरा होटलका सञ्चालक दुर्गा राईले बताउनुभयो । उहाँले पनि होटलको बाहिर सोकेसमा चियासँग बिस्कुट खाने ग्राहकलाई खुवाउन र बाहिरका ग्राहकलाई बिक्री गर्न धनकुटे बिस्कुट राख्नुभएको छ ।

होटल, किराना र नाङ्ले पसलमा धनकुटे नरिवल बिस्कुट बिक्रीका लागि राखिएको हुन्छ । यसैबाट थाहा हुन्छ, धनकुटे नरिवल बिस्कुटको स्थानीय महत्व र बजारमा माग कति धेरै हुन्छ भन्ने। घरेलु प्रविधिबाट बन्ने धनकुटे नरिवल बिस्कुट कोसेली लैजान वा खाजाको रुपमा सबैको रोजाइमा पर्छ । धनकुटा सदरमुकामका ठूला बजारमा मात्र नभई गाउँका स-साना चिया पसलमा समेत यो बिस्कुटले स्थानीय 'ब्रान्ड'को पहिचान बनाएको छ ।

सदरमुकामस्थित मदनचोकमा रहेको कञ्चनजङ्घा होटलका सञ्चालक गोरख कटुवालको भनाइमा होटलमा आउने आगन्तुकले चियासँगै धनकुटे नरिवल बिस्कुट अनिवार्य रूपमा खोज्छन् । होटलमा बसिञ्जेल नियमित खाजाको रुपमा खान्छन् । अनि घर फर्किंदा कोसेलीको रुपमा किनेर लैजान्छन् । त्यसैले होटलमा अन्य खाद्य र पेय वस्तुसँगै धनकुटे नरिवल बिस्कुट राख्ने गरेको होटल सञ्चालक कटुवालले बताउनुभयो । "प्याकेजिङ हेर्दा खासै राम्रो र लोभलाग्दो देखिँदैन । खै के सारो मन पराएका हुन् । स्वाद मानीमानी खान्छन्", कटुवालले सुनाउनुभयो ।

विसं २००८ मा धनकुटा-४ निवासी स्व विश्वेश्वरमान श्रेष्ठले धनकुटे बिस्कुट बनाउन थाल्नुभएको हो । लामो अनुभवपछि स्व श्रेष्ठले नै २०३० सालमा घरेलु उद्योगमा मोहन बिस्कुट उद्योग दर्ता गराउनुभएको थियो । यो उद्योग अहिले पनि सञ्चालन भइरहेको छ । उहाँका छोरा मोहन श्रेष्ठले बुबाले थालनी गरेको धनकुटे नरिवल बिस्कुटको विरासतलाई निरन्तरता दिँदै आउनु भएको छ ।

पहिले धनकुटामा एउटा मात्र मोहन बिस्कुट उद्योग भएकाले सुरुमा थोरै उत्पादन हुन्थ्यो । बजार पनि सानै थियो । तर बिस्कुट उद्योगमा काम सिकेका कामदारले आफैँ उद्योग खोल्न थालेपछि अहिले उद्योगहरु बढेका छन् । उत्पादन बढेको छ र धनकुटे नरिवल बिस्कुटको बजार पनि फैलिँदै गएको छ । धनकुटा नरिवल बिस्कुट धनकुटा बजारसँगै भेडेटार, मूलघाट, हिले, सिधुवा, पाख्रीबासलगायत धनकुटाका बजारमा सहजै खरीद गर्न सकिन्छ ।

धनकुटा नरिवल बिस्कुटसँगै यहाँका उद्योगहरुले अहिले कोको, कुकिज, खास्ता, बदाम, डुनोट, फुलकेक, केकजस्ता १७ प्रकारका बिस्कुट उत्पादन गरिरहेका छन् । अहिले धनकुटाका विभिन्न स्थानमा बिस्कुट उत्पादन गर्ने एक दर्जनभन्दा बढी उद्योग सञ्चालनमा छन् । बजारमा यसको माग बढेसँगै उद्योग खुल्नेक्रम पनि झाँगिएको हो। सुरुवाती दिनमा मोहन बिस्कुट मात्रै सञ्चालनमा थियो । अहिले धनकुटा सदरमुकामसहित आँखिसल्ला, पाख्रिवास, हिले, मौनावुधुक, जीतपुर, पाल्लेखोलालगायत स्थानमा बिस्कुट उद्योग सञ्चालनमा छन् । यी उद्योगहरुले नरिवल बिस्कुट, केक, पाउरोटीलगायत अन्य उत्पादन गरी वार्षिक रु एक करोडभन्दा बढीको बिस्कुट उत्पादन गरिरहेको अनुमान छ । करिब एक सय जनाभन्दा बढीलाई प्रत्यक्ष रूपमा रोजगारी मिलेको छ ।

धनकुटे नरिवल बिस्कुटको इतिहास

विसं २००८ मा धनकुटा-४ देब्रेवासमा मोहन श्रेष्ठका बाबु स्व विश्वेश्वरमान श्रेष्ठले चिया पसल सञ्चालन गर्नुहुन्थ्यो । त्यो बेला पहाडबाट मधेस झर्ने र मधेसबाट पहाड उक्लने मान्छेहरुको मुलबाटो धनकुटा बजार थियो । ती मान्छेहरुको बास बस्ने थलोको रुपमा धनकुटा बजारको देब्रेबास नामी थियो । त्यही ठाउँमा खुलेको चियापसल पहाडी भेगको पहिलो र राम्रो मानिन्थ्यो।

चिया पिउने ग्राहकको मागअनुसार स्व श्रेष्ठले भारतबाट ल्याइएका बिस्कुट बेच्नु हुन्थ्यो रे । त्यतिबेला रु एकको २० वटा बिस्कुट ल्याएर एकआना गोटा बेच्दा चियाको व्यापार पनि बढ्यो रे । चिया खान आउने मान्छेले बिस्कुटका कुरा गर्थे। कतिपयले आफैँ बनाउनु पनि भन्थे रे, छोरा मोहनले बताउनुभयो । "चिया खान आउने मान्छेको कुरा सुनेर बुबाले पनि बिस्कुट बनाउन कोसिस गर्नुभयो । एक पावा मैदाको बिस्कुट आफ्नै पाराले दिनहुँ बनाउँदै सिक्न थाल्नुभयो । बिस्कुट बनाइसकेपछि आफैँले चिया पिउन आउने मान्छेलाई चखाउनुभयो रे । आफैँ चाख्दै र चखाउँदै गर्दा पहिले यो बिस्कुट धेरैले मन पराएनन् । तर, बुबाले हार नमानी हरेक दिनजसो भिन्नभिन्न तरिकाले बिस्कुट बनाउनेक्रममा एकदिन बिस्कुट बनाउँदा प्रयोग गरिने सबै वस्तु हालेर मुछेको पिठोबाट बनाएको बिस्कुट बनाउँदा फुल्यो । चिया खान आउने सबैलाई चखाउँदा मिठो मानेर तारिफ गरेपछि त्यही विधिलाई निरन्तरता दिएर बिस्कुट उत्पादन गर्न थालेको कथा बुबाले सुनाएको मोहनले बताउनुभयो । स्थानीय स्रोतसाधनलाई सदुपयोग गर्दै बिस्कुट पोल्ने भट्टी निर्माण गरी बिस्कुट उत्पादन सुरु गर्ने पहिलो व्यक्ति स्व विश्वेश्वरमान श्रेष्ठ बन्नुभएको थियो ।

विसं २००८ देखि बिस्कुट उत्पादनको परीक्षण सुरु भए पनि २०३० सालमा घरेलु उद्योगका रूपमा दर्ता गरी औपचारिक रूपमा मोहन बिस्कुट उद्योग सुरु भएको हो । त्यो बेला बुबाले ३३ हजार लगानीमा थालेको उद्योगमा अहिले २० लाखभन्दा बढी लगानी रहेको मोहनले बताउनुभयो । २०११ सालमा पाँच किलो मैदाबाट सुरू भएको मोहन बिस्कुट उद्योगले अहिले अर्डरअनुसारको बिस्कुट पुर्‍याउन मुस्किल पर्ने गरेको छ ।

मोहन आफैँ पनि कुनै बेला राम्रो गैरसरकारी संस्थामा जागिरे हुनुहुन्थ्यो । तर बुबाले थालनी गरेको उद्योगको विरासत जोगाउन र स्थानीय उत्पादनलाई व्यवसायीकरण गर्नका लागि बुबाकै सल्लाहमा उद्योग सम्हाल्न २०५२ सालमा धनकुटा फर्किएको बताउनुभयो । उहाँलाई आफ्ना बुबाले मेहनत गरेर सञ्चालनमा ल्याउनुभएको व्यवसायभन्दा जागिर ठूलो लागेन । "एक्लै रोजगार हुनुभन्दा आफ्नो व्यवसायबाट अरुका लागि रोजगार सिर्जना गर्नु उचित ठानेर धनकुटा फर्किएँ । २०६५ सालमा बुबाको देहावसान भएपछि उद्योगको सिँगो जिम्मेवारी आफू र श्रीमती निमा श्रेष्ठले सम्हाल्दै आएका छौँ", उहाँले बताउनुभयो ।

**कसरी बन्छ नरिवल बिस्कुट ?**

धनकुटे नरिवल बिस्कुट घरेलु प्रविधिबाट बनाइन्छ । काँचो इँटा, माटो र चिमबाट निर्मित भट्टीमा पोलेर बिस्कुट तयार पारिन्छ । सञ्चालक श्रेष्ठको भनाइअनुसार माटोको भट्टीभित्र दाउरा बालिन्छ । सो दाउरा जलेर बनेको कोइलामा बिस्कुट तताइन्छ र बिस्कुट पाक्छ । नरिवल बिस्कुटमा स्थानीयस्तरमै पाइने दूध, घ्यू र मैदाको प्रयोग गरिन्छ । घरेलु प्रविधिबाट नै बिस्कुट उत्पादन हुने भएकाले जनशक्ति धेरै नै चाहिन्छ । "बिस्कुट उत्पादनमा मेसिनको प्रयोग गरिँदैन । मैदा मुछ्नेदेखि भट्टीमा बिस्कुट पोल्ने र प्याकेजिङसम्मको सबै काम हातबाटै हुन्छ", मोहनले बताउनुभयो । यो एक किसिमको परम्परागत प्रविधि पनि हो । बिस्कुट बनाउने पर्याप्त जनशक्ति नहुँदा बिस्कुट उद्योगले मागअनुसार उत्पादन र बजार विस्तार गर्न नसकेको मोहनको भनाइ छ । कामको खोजीमा युवा विदेश पलायन हुन थालेपछि दक्षजनशक्तिको अभाव भएको छ ।

धनकुटा-६ पाल्लेमा रहेको ओम बिस्कुट उद्योगका सञ्चालक टीकाराम कटुवालको भनाइअनुसार पनि जनशक्तिबाहेक दाउराको समस्या पनि धेरै छ । घरेलु प्रविधिबाट बिस्कुट उत्पादन हुने भएकाले अनिवार्य दाउराको आवश्यकता पर्छ । दाउरा जहीँतहीँ नपाइने र टाढाबाट ल्याउँदा लागत बढ्ने भएको बिस्कुटको मूल्य बढेको उहाँले बताउनुभयो ।रासस

# यस्तो छ सागसब्जी र फलफूलको मूल्य


© RSS

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शुक्रबार लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु २५, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४०, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु १५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ३०, मूला रातो प्रतिकिलो रु ४५, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडीको मूल्य प्रतिकिलो रु ८० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ९०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ९०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ९०, टाटे सिमी प्रतिकिलो रु ९०, तितो करेला प्रतिकिलो रु ४०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु ७०, परबर (तराई) प्रतिकिलो रु ७०, चिचिण्डो प्रतिकिलो रु ७०, घिरौला प्रतिकिलो रु ६०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ४०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ४०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु १०० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ६०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ६०, रायो साग प्रतिकिलो रु ७०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, तोरी प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ३५, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १००, च्याउ (कन्य) प्रतिकिलो रु १७०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ ।

निगुरो प्रतिकिलो रु ८०, ब्रकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु ३५०, रातो बन्दा प्रतिकिलो रु ६५, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकिलो रु ६५, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ९०, पुदिना प्रतिकिलो रु ३५०, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २८०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु १००, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३५, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु ९०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २५०, किबी प्रतिकिलो रु ४५०, आभोकाडो प्रतिकिलो रु ६५० तथा अमला प्रतिकिलो रु १२० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १३०, खुर्सानी सुकेको प्रतिकिलो रु ४२०, खुर्सानी हरियो प्रतिकिलो रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ६०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो रु ३००, भेडे खुर्सानी प्रतिकिलो रु १२०, लसुन हरियो प्रतिकिलो रु ८०, हरियो धनिया प्रतिकिलो रु १८०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४० र राजा च्याउ प्रतिकिलो रु ३००, सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

अमेज सप्लाई सोलुशन्स (प्रा.लि. नं. २३१८०६), बिरगंज महानगरपालिका-१२, पर्साले मिति २०८१/०७/२३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेको निवेदन उपर कारवाही हुँदा उक्त कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०८०/०८१ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.व. सम्म कम्पनी अद्यावधिक रहेको, त्यस कम्पनीको मिति २०८१/०७/१७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी जिप्पी फैशन मार्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम अमेज सप्लाई सोलुशन्स प्रा.लि.को कम्पनीले सकार्ने व्यहोर्ने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


# पाँच हजारभन्दा बढी उद्योग खारेजी

काँक्रेविहार । कर्णाली प्रदेशका १० जिल्लामा पाँच हजारभन्दा बढी उद्योग खारेजीमा परेका छन् । उद्योग दर्ता गरेर नियमित सञ्चालन नगरेका कारण पाँच हजार ३६३ उद्योग खारेजीमा परेको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतका प्रमुख देवीलाल सापकोटाले बताउनुभयो ।

खारेजीमा सबैभन्दा बढी दैलेखमा स्थापना गरिएका उद्योग छन् । दैलेखमा एक हजार ६७५ वटा उद्योग खारेज भएका छन् । दोस्रो खारेजीमा पर्नेमा सुर्खेत छ । सुर्खेतमा एक हजार ४५५ वटा खारेज भएका छन् । कालिकोटमा चार सय ७८, जुम्लामा पाँच सय ८७, मुगुमा २१, सल्यानमा पाँच सय दुई, जाजरकोटमा चार सय २७, डोल्पामा ५१ वटा उद्योग खारेज भएका छन् । त्यस्तै हुम्लामा नौ र रुकुमपश्चिममा एक सय ५८ वटा उद्योग खारेज गरिएका छन् ।

कर्णालीका १० जिल्लामा ४३ हजार ६७८ उद्योग दर्ता भएकामा सबैभन्दा बढी सुर्खेतमा दर्ता गरिएका थिए । सुर्खेतमा मात्र १४ हजार २६५ वटा उद्योग दर्ता भएको निर्देशनालयले जनाएको छ । हाल यहाँ एक हजार ३४१ उद्योगमात्र नवीकरण भएका छन् । दैलेखमा चार हजार ७४८ उद्योग दर्ता गरिएकामा हालसम्मा तीन हजार ५९१ उद्योगको नवीकरण गरिएको छ । कालिकोटमा दुई हजार ८३७ उद्योग दर्ता भएकामा हाल एक हजार ९३६ वटामात्र उद्योग नवीकरण गरिएको छ ।

यसैगरी, जुम्लामा चार हजार ३८६ वटा उद्योग दर्ता भएकामा दुई हजार ३५७ वटा मात्र नवीकरण भएको कार्यालय प्रमुख सापकोटाले बताउनुभयो । मुगुमा दुई हजार २३ वटा उद्योग रहेकामा हाल ४५० वटा मात्र नवीकरण भएका छन् । सल्यानमा तीन हजार ६६३ वटा उद्योग रहेकामा तीन हजार २१७ वटा मात्र सञ्चालनमा रहेको निर्देशनालयले जानकारी दिएको छ । जाजरकोटमा तीन हजार ६८ दर्ता भएकामा एक हजार ८९७ वटा मात्र सञ्चालनमा रहेको पाइएको छ । रासस


## मिथिला बिहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### तारापट्टी, धनुषा
### मधेश प्रदेश, नेपाल

## ठेक्का स्वीकृतिको आशयको सूचना

**सूचना प्रकाशन मिति : २०८२/०१/०६**

मिति २०८१ फाल्गुन १४ गतेका दिन प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको विभिन्न मितिमा बसेको बोलपत्र मूल्याङ्कन समितिको सिफारिस बमोजिम तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाउँ र स्थल | बोलपत्रदाताको नाउँ र ठेगाना | कबोल अंक (मू.अ.कर तथा पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | 02/02/2081-82/ NCBW/MBM | Construction of unfinished health post building, ward no.-04, Mithila Bihari Municipality. | Kanchan Infra Pvt. Ltd. Janakpur-12, Dhanusha, Nepal | 3,075,933.2 |
| २ | 02/03/2081-82/ NCBW/MBM | Construction of unfinished building work of mithila ma. vi. kachuri-08, Mithila Bihari Municipality | Ma Sona Sati mahrani Construction, Aurahi-5, Mahottari | 1,419,630.16 |

प्रमुख प्रशासकीय अधिकृत

# योजना खरिदबिक्रीको आरोप निराधार:जनमत संसदीय दल

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीको संसदीय दलले मधेश सरकारमा योजना खरिदबिक्री सम्वन्धी आरोप निराधार भएको जनाएको छ।



शुक्रबार जनकपुरधामस्थित संसदीय दलको कार्यालयमा बसेको बैठकले हालै प्रदेश सभामा उठाइएका यस्ता आरोपहरू सत्तारुढ दलको मानमर्दन गर्न र संघीयता कमजोर पार्न नियोजित रूपमा ल्याइएको निष्कर्ष निकालेको हो।

जनमत संसदीय दलका नेता महेश प्रसाद यादवले भने, ' मधेशको माटो, भाषा, पहिचान र अधिकारका लागि सयौं वर्षदेखि भएको आन्दोलनको उपलब्धि संघीयता हो । यसलाई बदनाम गर्न 'योजना खरिदबिक्री'जस्तो आधारविहीन आरोप लगाउनु गम्भीर आपत्तिजनक कार्य हो।'

गत चैत २७ गते प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादवले प्रदेश सरकारमा योजना खरिदबिक्री हुने गरेको आरोप लगाएका थिए । सोही विषयलाई लिएर जनमत पार्टीभित्र आन्तरिक चर्चा तीव्र बनेको थियो। संसदीय दलले मन्त्री यादवको उक्त अभिव्यक्तिप्रति गहिरो आपत्ति जनाउँदै प्रमाणसहित सार्वजनिक जानकारी दिनुपर्ने मागसमेत गरेको छ।


संसदीय दलको बैठकले प्रदेश सभामा भइरहेका केही गैर-जिम्मेवार अभिव्यक्तिहरूलाई संघीयता समाप्त पार्ने षड्यन्त्रको हिस्साका रूपमा लिएको छ । बैठकको निर्णय अनुसार संघीय शासन व्यवस्थालाई कमजोर बनाउने कुनै पनि अभिव्यक्तिबाट होसियार रहन सबै सांसदहरूलाई आग्रह गरिएको छ।

नेता यादवले वर्तमान र भविष्यका योजनाहरूको प्रभावकारिता र निष्पक्षताको मूल्यांकन गर्न संसदीय दलले अध्ययन सुरु गरेको जानकारी दिए । 'मुख्यमन्त्री सतिश कुमार सिंहले आगामी संसदीय दलको बैठकमा विस्तृत कार्ययोजना प्रस्तुत गर्नुहुनेछ,' उनले भने।

बैठकमा मधेश प्रदेशका वन तथा वातावरण मन्त्री त्रिभुवन साहमाथि आएका आरोपहरूबारे पनि छलफल भएको थियो। मन्त्री साहले मौखिक स्पष्टीकरण दिँदा संसदीय दलले लिखित जवाफ पेश गर्न आग्रह गरेको छ।जनमत पार्टीले पार्टी भित्रका सबै मन्त्री तथा जनप्रतिनिधिहरूलाई उत्तरदायी र पारदर्शी रूपमा काम गर्न निर्देशन दिएको छ।

# आफ्नै पुर्खालाई चिन्न नसकेको जनकपुरधाम

ब्लग :



श्यामसुन्दर शशि

जनकपुरधामलाई मात्र होईन, सिंगै मधेशलाई औद्योगिक हब बनाउँने सपना साकार पार्न जनकपुर चुरोट कारखाना तथा वीरगञ्ज चिनी कारखाना स्थापनार्थ अहम भूमिका निर्वाह गर्ने रामनारायण मिश्रको निर्माणाधीन स्मृति भवन अचेल चर्चाको शिखरमा छ । समर्थन र विरोधका स्वरहरु घनिभूत छन् । मौखिक समर्थन र विरोधको वर्तमान अवस्था कतिवेला भौतिक आक्रमण-प्रतिआक्रमणमा परिवर्तन हुने हो ठेगान छैन । नगर दुई कित्तामा विभाजित छ । स्मृति भवन निर्माणस्थल अर्थात् गंगासागरको पूर्वी डिल नजिकका केही स्थानीयवासीको मधुरो विरोध अचेल राजनीतिक रुप धारण गरेको छ । सत्ताधारी दुई राजनीतिक दल कांग्रेस र एमालेबीचको आरोप प्रत्यारोप दुबै दलका नेता तथा कहबैकाहरुको मानमर्दनसम्म आइपुगेको छ तर यस विरोध र समर्थनकाबीचस्मृति भवनको निर्माण भने धमाधम हुँदैछ। विवाद रामनारायण मिश्रको नाममा स्मृति भवन निर्माण गर्ने वा नगर्नेसंग सम्बन्धित छैन । गंगासागरको डिलमा गर्ने कि नगर्ने संग छ।



१७ हौं शताब्दीको पहिलो दशकमा जनक दरबार अर्थात् सीता जन्मस्थल खोज्दै सूरकिशोर दास र चतुर्भुज गिरी जनकपुर आएका थिए। जानकी मन्दिरका आदि महन्त दास र राममन्दिरका आदिमहन्त गिरीलाई आधुनिक जनकपुरको खोजीकर्ताको रुपमा इतिहासकारहरुले वर्णन गरेका छन् । मकवानपुरका राजा इन्द्रविधाता सेनले यिनै चतुर्भुज गिरीलाई सन् १७०७ मा १४०० बिघा जग्गा कुशबिर्ता दिएका थिए । जुन जग्गामाथि आधुनिक जनकपुरको निर्माण भएको हो । पछि अमर सिंह थापाले भव्य राममन्दिर तथा ओरछा स्टेटकी महारानी बृषभानु कुम्मरिले जानकी मन्दिर निर्माण गरेका थिए । आज जनकपुर गुलजार छ । नेताजीहरु राजनीति गर्नु हुन्छ । महन्तजीहरु रजाई गर्नु हुन्छ तर आधुनिक जनकपुरका खोजीकर्ताद्वय सूरकिशोर दास र चतुर्भुज गिरी नामको चौक र प्रतिमा कहि कतै देखिदैनन्।

आधुनिक जनकपुरको निर्माण जादूको छडीले रातारात भएको होईन । यसकालागि यहाँका आदरणीय अभियन्ताहरुले रगत-पसिना बगाएका छन्। सहृदयी दाता परिवारले खुलेर सहयोग गरेका छन् । जसमध्ये राम स्वरुप रामसागर साहद्वारा संचालित धर्मसंस्थाको अहम भूमिका छ । अन्तगृह परिक्रमा मार्ग सीमांकन गरी उक्त बाटोको दुबै किनारामा वृक्षारोपन गर्ने तथा विसं १९६६ मा याज्ञवल्क्य संस्कृत विद्यालय स्थापना गर्ने मौनीबाबा (अवधविहारी शरण), जनकपुर उद्योग वाणिज्य संघका संस्थापक रामबृक्ष चौधरी, गौरीनारायण डीठा, शंकटमोचन माध्यमिक विद्यालयका संस्थापकहरु देवशरण साह, रामरति देवी, बौएलाल साह, हजारी साहसंगै जनकपुर नगरपालिकाका प्रथम चेयरमैन श्यामसुन्द शर्मा, सरस्वती माध्यमिक विद्यालय र पछि राराब क्याम्पसका संस्थापक प्रिन्सिपल गंगाधर दत्त, जानकी पब्लिक अस्पतालका प्रथम मेडिकल सुपन्टिेण्डेन्ट डा.जयबल्लभ दास, राराब क्याम्पस, कन्या मावि, जानकी मावि, आंखा अस्पताल, अपाङ्ग संघसंगै अन्य शैक्षिक तथा स्वास्थ्य संस्था निर्माणमा व्यवस्थापकीय दायित्व निर्वाह गर्ने विकास पुरुष मकेश्वरप्रसाद सिंह, मेघप्रसाद उपाध्याय, हजारी जनक संस्कृत कलेज स्थापनार्थ जग्गा दान दिने हजारी साह, जानकी आँखा अस्पताल तथा राराब क्याम्पसको कर्मचारी भवन निर्माणमा सहयोग गर्ने बौएलाल साह, यस क्षेत्रमा संस्थागत ठूला उद्योग संचालन गर्ने दीनानाथ सर्राफ लायन्स, रियो, रेडक्रसजस्ता अन्तर्राष्ट्रिय संघ-संस्थाहरुको शाखा विस्तार गर्ने वरिष्ठ अधिवक्ता लक्ष्मीबहादुर निराला, रामनगीना सिंह, युगलकिशोर लाललगायतलाई जनकपुरधामले चिनेको छ कि छैन् ?

२००७ को प्रजातान्त्रिक आन्दोलन, २०१६ देखि सुरु भएको पञ्चायती व्यवस्था विरुद्धको आन्दोलन, २०३६ को जनमत संग्रह, २०४६ को बहुदलीय व्यवस्थाको लागि भएको जनआन्दोलन, २०५२ देखि सुरु भएको माओवादी जनयुद्ध तथा २०६२ र ०६३ सालको मधेश आन्दोलन जनकपुरका राजनेताहरुको निर्णायक भूमिका थियो। विसं २००४ सालमा भएको प्रथम सत्याग्रहमा यहाँका भिष्मजंग केसी, सरयुग चौधरी, मिश्रीलाल गुप्ता, लक्ष्मण साह, रामअशीष भगत, मेघप्रसाद उपाध्याय, दीगम्बर झा, रामाकान्त झा, महेन्द्रनारायण निधि, बच्चा झा, बलबहादुर मगर, नकुलबहादुर सिंह तथा कवि नरेन्द्र देव आदि जेल गएका थिए । २००७ सालको जनक्रान्तिमा जनकपुर मुक्ति बाहिनी सेना र राणाको सेनाबीच जनकपुरमा भएको संघर्षमा जनकपुरधाम, शिवपुर निवासी कंचन मुखिया र प्रेमसिंह राइ शहादत दिएका थिए । २०१७ सालमा राजा महेन्द्र शाहीकू मार्फत बिपी कोइराला नेतृत्वको जननिर्वाचित सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्था लागु गर्दा पहिलो विद्रोह जनकपुरमै भएको थियो । जनकपुर भ्रमणमा आएका राजा महेन्द्रमाथि विसं २०१९ साल माघ ९ गते शहीद दुर्गानन्द झाले जानकी मन्दिर प्रांगणमा वम प्रहार गरेका थिए । २०२० साल माघ १५ गते मुलुकी ऐनमा संशोधन गरेर दुर्गानन्द झालाई फांसी दिइएको थियो।

संघीय व्यवस्था र गणतन्त्रको पक्षमापनि यस भूमिले अग्रणी भूमिका निर्वाह गरेको छ। डा.एलएन झालाई शाही सरकारले २०४२ साल असार १४ गते विद्यापति चौकबाट बेपत्ता पारेको थियो । हालसम्म उनका परिवारजनले न स्वांस पाएका छन न त लाश पाएका छन् । लोकतान्त्रिक र गणतान्त्रिक आन्दोलनको क्रममा रामनारायण मिश्र, मास्सैब भन्ने रामबृक्ष यादव, सरोजप्रसाद कोइराला, सूर्यनाथ रान, ठाकुरप्रसाद ढुंगाना, श्रीधर ठाकुर, रामनारायण मण्डल मुडवल, भोला यादव सदृश्यका वीर शहीद भएको हामीले पढेकै हुनु पर्दछ । तर जनकपुरलाई धार्मिक, सांस्कृतिक, भाषिक, राजनीतिक तथा आर्थिकरुपले सम्पन्न बनाउँन अहम भूमिका निर्वाह गर्ने यी पूर्वजहरुलाई हामीले सम्मान गर्न सक्यौं ? निसन्देह सकिनौं।

यहाँ २०१५ सालको निर्वाचनमा महोत्तरी संसदीय क्षेत्रबाट नेपाली कांग्रेसको उम्मेदवारको रुपमा निर्वाचित रामनारायण मिश्र वि.पी. कोइराला नेतृत्वमा २०१६ साल जेठ १३ गते गठन भएको पहिलो जननिर्वाचित मन्त्रीमण्डलमा उद्योग तथा वाणिज्य मन्त्री बनाइएका थिए । यद्यपि राजा महेन्द्रले विपी कोइराला नेतृत्वको पहिलो जननिर्वाचित सरकारलाई ८ महिना नबित्दै २०१७ साल पुस १ गते सत्ताच्युत गरी देशमा पञ्चायती व्यवस्था लगाए तर यस ८ महिनाभित्र रामनारायण मिश्रले जनकपुर र वीरगञ्जमा देशकै दुई ठूला उद्योगको शिलान्यास गर्नु भयो । जचुकालि अचेल बन्द छ तर हामीले के पनि बिर्सिनु हुन्न भन्ने जनकपुरलाई औद्योगिक बाटोमा डोऱ्याउन, आर्थिकरुपले सम्पन्न बनाउँन जचुकालिको अहम भूमिका छ। जचुकालिको भव्य संरचना नभएको भए, जनकपुरधाम मधेश प्रदेशको राजधानी पनि बन्ने थिएन।

अघिल्लो पुर्खाले गरेका सकारात्मक कामको फल चाख्ने अघिल्लो पुस्ताले उनीहरुलाई सम्मान पनि गर्न जान्नु पर्दछ। सूर किशोर दास, चतुर्भुज गिरी, मकेश्वर प्रसाद सिंह, मेधप्रसाद उपाध्याय, सरोजप्रसाद कोइराला, रामस्वरुप रामसागर साह, मौनीबाबा, हजारी साह, बौएलाल साह, डा.जयबल्लभ दास लगायतका आदरणीय अभियन्ताहरुको योगदान बारे वर्तमान पुस्तालाई जानकारी दिनु हाम्रो दायित्व हो । अचेल गंगासागरको पूर्वी डिलमा निर्माण हुन लागेको रामनारायण मिश्र स्मृति भवन यसकै नमुना हो । यसैगरि बांकी अभियन्ताहरुलाई पनि क्रमशः सम्मान गर्दै लै जानु पर्दछ। अन्यथा दुनियाले भन्ने छ- आफ्नै पुर्खालाई चिन्न नसकेको जनकपुरधाम।

# साढेतीन क्विन्टल बढी गाँजा ट्रकसहित ५ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । प्रहरी गस्ती टोलीले ट्रक, र साढेतीन क्विन्टल लागूऔषध गाँजा सहित ५ जना लाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी प्रमुख एसपी सन्तोष तामाङको निर्देशनमा सञ्चालन गरिएको लागूऔषध नियन्त्रण अभियान अन्तर्गत चेकजाँचको क्रममा प्रहरीले "३६७ किलो१४० ग्राम लागू औषध गाँजा सहित ५ जना लाई पक्राउ गरेको हो।



विशेष सूचनाको आधारमा गएराति पौने १२ बजे ईलाका प्रहरी कार्यालय सिमराबाट खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उप-महानगरपालिका ३ बजनी स्थित हेटौडाबाट वीरगञ्ज तर्फ जाँदै गरेको ना ५ ख २५०४ नम्बरको मिनी ट्रकलाई रोकी चेक जाँच गरेको थियो।

चेकजाँचमा ट्रक भित्र लुकाई छिपाई लगी रहेको लागू औषध गाँजा ३०५ किलो (१९ पोका) बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी विजयराज पण्डितले बताए।

लागूऔषध गाँजा वरामद गरी ट्रक सहित ओसार पसार कार्यमा संलग्न रहेका ट्रक चालक मकवानपुर कैलास गाँउपालिका ४ बस्ने वर्ष ३२ को राजन लामा, ट्रकमा सवार हेटौडा उपमहा नगरपालिका ३ बस्ने वर्ष ३३ को ईश्वर लोप्चन र ओसार पसारमा संलग्न कैलास गाउँपालिका १० बस्ने वर्ष २७ को जिवन ठोकर पक्राउ गरिएको प्रवक्ता पण्डितले जानकारी दिएका छन्।

विशेष सूचनाको आधारमा बिहीवार ईलाका प्रहरी कार्यालय प्रसौनी बाराबाट खटिएको प्रहरी टोलीले प्रसौनी गाउँपालिका ४ खुटवा बस्ने वर्ष ३१ को पवन कुमार साहले आफ्नै घरमा विक्री वितरण गर्ने र लुकाई छिपाई राखेको लागू औषध गाँजा २ किलो १४० ग्राम वरामद गरी पवन कुमार साह लाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

त्यस्तै शुक्रबार बिहान ईलाका प्रहरी कार्यालय सिम्रौनगढ बाराबाट खटिएको प्रहरी टोलिले पचरौता नगरपालिका १ मुसहरीटोल स्थित मकै बारी हुँदै टाउकोमा बोकी नेपालबाट भारत तर्फ ओसार पसार गर्दै गरेको अवस्थामा लागू औषध गाँजा ६० किलो (४ पोका) सहित भारत बिहार मोतिहारी जिल्ला पञ्चायत बिजवनी थाना जितना ग्राम रेगनीयाका राजबिहारी कुमार लाई पक्राउ गरेको छ।

पक्राउ परेका सबैजना नियन्त्रणमा लिएर थप अनुसन्धान तथा कारवाही प्रक्रिया अगाडि बढाईएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । त्यस्तै रौतहटको उत्तरिभेग ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरको टोलीले चोरीको मोटरसाईकल सहित दुईजना युवक लाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा गरूडा नगरपालिकाका आशुतोष कुमार साह र सोही ठाउँका जयराम साह कलवार रहेको ईलाका प्रहरी कार्यालय चन्दरनिगाहपुरका प्रमुख डिएस्पी राजकुमार राईले बताएका छन्।

गत बुधबार दिउँसो २ बजे ईलाका प्रहरी कार्यालय डुमरियाबाट खटिएको प्रहरी गस्ती टोलीले चन्द्रपुर नगरपालिका १० बालचनपुर चोक नजिक पश्चिम किनारमा २ जना पुरूष व्यक्ति निलो रंगको अपाचे मोटरसाईकल सहित शंकास्पद अवस्थामा बसेको हेरेर नियन्त्रणमा लिइएको थियो।

उनीहरू संग मोटरसाईकलको सवारी दर्ता,भन्सारका कागजातहरू माग गर्दा नभएको बताएका थिए।

दुबैजना लाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दा उक्त मोटरसाईकल चोरी गरी ल्याएको पुष्टि भएकोले उनीहरू माथी चोरी सम्बन्धी मुद्दा दायर गरी म्याद थप गरी थप अनुसन्धान भई रहेको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

# अडान मधेश प्रदेशको अध्यक्षमा पुनः झा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल अडिटर्स एशोसिएशन (अडान) मधेश प्रदेशको सातौं प्रदेश अधिवेशन जनकपुरधाममा भव्य रूपमा सम्पन्न भएको छ । सातौ अधिवेशनबाट एशोसिएशनको अध्यक्षमा पुनः शोभाकान्त झा चयन भएका छन् । एशासिएसनको उपाध्यक्षमा खुदाम्वर यादव,हृदयमोहन लाल,सचिवमा रविन्द्र गिरी,सहसचिवमा भुवनेश्वर यादव,कोषाध्यक्षमा नन्दकुमार झा चयन भएका छन्। त्यस्तै सदस्यहरुमा योगेन्द्र झा,उपेन्द्र राय,उमेशलाल दास,भरत यादव र रामवैदेही मिश्र रहेका छन्।




यसअघि अधिवेशनको उद्घाटन सत्रमा पेशागत निष्ठा, पारदर्शिता, नियमन र आचारसंहिताको कडाइका साथ पालना गर्नुपर्ने विषयमा जोड दिइएको थियो।

कार्यक्रममा केन्द्रीय अध्यक्ष केदारनाथ पौडेल प्रमुख अतिथिका रूपमा सहभागी रहे भने आइक्यानका केन्द्रीय अध्यक्ष प्रविण कुमार झा र अडानका वरिष्ठ उपाध्यक्ष बद्री भट्टराई विशिष्ट अतिथिका रूपमा सहभागी थिए । अधिवेशनको अध्यक्षता अडान मधेश प्रदेश अध्यक्ष शोभाकान्त झाले गरेका थिए।

प्रमुख अतिथि अडानका केन्द्रीय अध्यक्ष पौडेलले अडिटरहरू राष्ट्रका आर्थिक प्रहरी भएको उल्लेख गर्दै पेशागत इमानदारी, पारदर्शिता र निष्पक्षता नै अडिट पेशाको मूल आत्मा भएको बताए ।उनले भने, ' अहिलेको चुनौतीपूर्ण समयमा अडिटरहरूले आफ्नो भूमिकालाई अझ जिम्मेवार र उत्तरदायी बनाउँदै समाजमा विश्वास बढाउने काम गर्नुपर्छ।'

उनले नियामक संस्था आइक्यानसँग समन्वय गर्दै संस्थागत सुधारका लागि निरन्तर पहल गरिरहेको जानकारी पनि दिए । विशिष्ट अतिथि तथा आइक्यानका अध्यक्ष प्रविण कुमार झाले अडिट पेशाको साख जोगाउन प्रत्येक अडिटरले आचारसंहिताको पालना गर्नुपर्नेमा जोड दिए ।उनले भने, ' हामीले गर्ने हरेक काम जनताको विश्वास र संस्थागत अनुशासनसँग जोडिएको हुन्छ। सानो गल्तीले पनि पेशाको छवि धूमिल हुन सक्छ।'

उनले पेशागत अपग्रेडेसनका लागि आइक्यानले नयाँ तालिम र प्रणालीहरू ल्याइरहेको जानकारी गराउँदै अडानसँग सहकार्यलाई अझ मजबुत बनाइने बताए ।अर्का विशिष्ट अतिथि तथा अडानका वरिष्ठ उपाध्यक्ष बद्री भट्टराईले अडानलाई अझ सशक्त, सुदृढ र समावेशी बनाउन सबै तहबाट योगदान आवश्यक रहेको धारणा राखे ।उनले भने, 'प्रदेश, जिल्ला र स्थानीय तहसम्म अडिट पेशाको सुदृढ उपस्थितिको लागि हाम्रो संरचना मात्र नभई सोचमा पनि विस्तार गर्नुपर्छ।'

# भीषण आगलागीमा ग्रिडका संरचना नष्ट

**टुडे समाचारदाता**

जनकपुरधाम। ढल्केवरस्थित नेपाल विद्युत् प्राधिकरणको प्रमुख ग्रिड सबस्टेसनमा बुधबार बिहान अचानक भीषण आगलागी हुँदा करिब १२ करोड रुपैयाँ बराबरको क्षति भएको छ । प्राधिकरणका अनुसार आगलागीले ग्रिडका महत्वपूर्ण संरचनाहरू पूर्णरूपमा नष्ट भएका छन्।



ढल्केवर ग्रिड महाशाखाका प्रमुख इन्जिनियर विनोद लोहनीका अनुसार आगलागीका कारण १३२-३३ केभीको एउटा ठुलो ट्रान्सफर्मर, २ वटा ३३ केभीका डोमेज ट्रान्सफर्मर र विभिन्न कन्ट्रोल केबलहरू पूर्ण रूपमा जलेर नष्ट भएका छन् ।नेपालकै एक महत्त्वपूर्ण ग्रिडको रूपमा परिचित ढल्केवर ग्रिडमा आगलागी भएपछि धनुषा, महोत्तरी र सर्लाही जिल्लाको ठूलो क्षेत्र अन्धकारमा डुबेको थियो। विद्युत् अवरुद्ध हुँदा दैनिक जनजीवन मात्र नभई उद्योग, अस्पताल र सञ्चार सेवा पनि प्रभावित भएका थिए।

यद्यपि, विद्युत् प्राधिकरणका प्राविधिकहरूको लगातार प्रयासपछि हिजो दिउँसोदेखि अवरुद्ध क्षेत्रमा पुनः विद्युत् आपूर्ति सुचारु गरिएको छ। आगलागीको कारणबारे हालसम्म यकिन खुलेको छैन । तर, प्राविधिक कमजोरी, ट्रान्सफर्मरको अधिक तातो र कन्ट्रोल सिस्टममा शर्ट सर्किटजस्ता सम्भावनालाई अनुसन्धानको केन्द्रमा राखिएको ढल्केवर ग्रिड स्रोतले जनाएको छ। प्रारम्भिक मूल्याङ्कन अनुसार भौतिक संरचना तथा उपकरणमा मात्रै १२ करोड रुपैयाँ बराबरको क्षति भएको बताइएको छ ।नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य स्वयं ढल्केवर पुगेर क्षतिको अवलोकन गरेका छन् । उनले प्राविधिक टोलीलाई तत्काल प्रतिवेदन तयार गर्न निर्देशन दिँदै आवश्यक उपकरणहरूको प्रतिस्थापन तथा मर्मत कार्यलाई प्राथमिकतामा राख्न आग्रह गरे।

शाक्यले भने, 'ढल्केवर ग्रिडको महत्त्व राष्ट्रियस्तरमा छ । हामी तत्काल मर्मतको प्रक्रिया अगाडि बढाउँदैछौं र सेवा स्थायित्वमा कुनै सम्झौता गर्ने छैनौं।'ढल्केवर जस्तो महत्त्वपूर्ण ग्रिडमा यस्तो स्तरको आगलागी हुनु आफैंमा गम्भीर विषय हो। यसले भविष्यमा उच्च सतर्कता र प्राविधिक सुधारको खाँचो देखाएको छ।


## वायु प्रदुषणबाट जोगिने उपाय

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लाष्टिक लगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौ, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं।

वायु प्रदुषणको असरबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८